
# लेखापरीक्षण प्रतिवेदन

# तादीगाउँ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तादीगाउँ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/519

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
तादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
नुवाकोट।

### कैफियतसहितको राय

हामीले तादी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १० करोड ७२ लाख ७५ हजार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रू. २ लाख ५१ हजार र एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. १६ लाख ८० हजार समेत गरी रू.१० करोड ९२ लाख ६ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रू. १ अर्ब ३ करोड ९० लाख ४४ हजार लेखापरीक्षण गरिएकोमा रू. ९८ लाख ५१ हजार बेरुजु

देखिएको छ। सो सम्बन्धमा रू. ४९ लाख ८८ हजार प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरूजुमा असुल गर्नुपर्ने रू.२९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ लाख ४९ हजार, नियमित गर्नुपर्ने रू. ४० लाख ८५ हजार रहेको छ। गत वर्षसम्म रू. २५ करोड ५३ लाख ७४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजु रू. २६ करोड २ लाख ३७ हजार रहेको छ । बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तादी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तादी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

बेरुजुको वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ५६ | ६५ | ९८,५१,४९० | ० | ४० | ४९,८८,७८६ | ० | ५६ | २५ | ४८,६२,७०४ | २८,६८० | ४०,८५,२४३ | ७,४८,७८१ | ० | ० | ४८,३४,०२४ | ० |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | २५,५३,७४,००० | ० | ० | २५,५३,७४,००० | ० | ४८,६२,७०४ | २६,०२,३६,७०४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७९ | सरकारी विज्ञापन वापतको भुक्तानीमा कर कट्टी | ८,४९४ |
| २ | २०८०/८१ | ४७ | विद्यालय आयुर्वेद तथा शिक्षा कार्यक्रम | ९८,००० |
| ३ | २०८०/८१ | ४१ | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १,१०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | ५९ | रिपोर्टिङ्ग खर्च | १२,००० |
| ५ | २०८०/८१ | ७४ | रबरबोर्ट खरिद | १,००,००० |
| ६ | २०८०/८१ | ४२ | मापदण्ड विपरित भुक्तानी | ८,७०,००० |
| ७ | २०८०/८१ | ४९ | मापदण्ड भन्दा बढी भुक्तानी | ८,३६४ |
| ८ | २०८०/८१ | ५७ | बढी रकम भुक्तानी | १२,७५० |
| ९ | २०८०/८१ | ४३ | बजेट र कार्यक्रम पास नगरी भुक्तानी | १,३०,००० |
| १० | २०८०/८१ | ६६ | प्रमाण कागजात | ७,४३,६५४ |
| ११ | २०८०/८१ | ४६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २१,८२० |
| १२ | २०८०/८१ | ३१ | पेश्की बाँकीको विवरण | ६,४०,००० |
| १३ | २०८०/८१ | ६९ | निर्माण व्यवसायिको विल | १०,२४,९०८ |
| १४ | २०८०/८१ | ३८ | निकासी कर संकलन | ३,४५,०७१ |
| १५ | २०८०/८१ | ६८ | दाखिला प्रतिवेदन | ७,९६,०३८ |
| १६ | २०८०/८१ | ६० | कम संख्यामा तालिम | २९,४३७ |
| १७ | २०८०/८१ | ७३ | अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम | ३८,२५० |
| जम्मा | | | | ४९,८८,७८६ |

# (८०३२९५०३३०० - तादीगाउँ गाउँपालिका, नुवाकोट )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने पालिकाको क्षेत्रफल ६९.८० वर्ग किलोमिटर तथा जनसंख्या १५९३३ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५। ०८ देखि २०८१ ।०५।११ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ जम्मा रु.१०३९०४४४६६।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११८९७३।असुल भई दाखिला प्रमाण पेस भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाग्री खरिदमा कर कट्टि दाखिला मिति२०८१।०५।०९ मा भौ नं २०८१।१५०९७७४ बाट रु | १२५५५ |
| २ | बढी भुक्तानी दाखिला भौ नं ७०।०८१।५।९ बाट | १७०८५ |
| ३ | सामाजिक सुरक्षा बैंकबाट फिर्ता नेपाल बैँक भौ नं ८१०९२१२ वाट मिति२०८१।०६।१० मा | ८०२८० |
| ४ | स्कील फिल्ड कन्स्ट्रक्सन प्रा ली तादी ४ लाई TRM/W/R/2080/81-3 ठेक्काको बढी भुक्तानी भएको रकम पालिकाको बेरुजु खातामा दाखिला गरेको । | ९०५३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक विवरण**

आ.व ०८०।०८१को पालिकाले दिएको एकिकृत आर्थिक विवरण देहाय वमोजिम रहेको छ

| **आयतर्फ** | | | **व्ययतर्फ** | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | जम्मा रकम | विवरण | रकम | जम्मा रकम |
| **गत आ.व.को अल्या/सुरु मौज्दात** | | ३९११९३२३ | **बजेटखर्च/फिर्ता (विनियोजन/कार्यसंचालन/TSA/ धरौटी)** | | ४०९२६१८४५ |
| संचित कोष खाता | ३५५८४८५४ | | तादी गा.पा. -चालु | ३०१७११५८६ | |
| धरौटी | ३५३४४७० | | तादी गा.पा. पुजिगत | १०७५५०२५९ | |
| **चालु आ.व.को आम्दानी** | | | **कार्यसंचालन कोष तर्फको खर्च** | | ६२०७११२ |
| **संघीय सरकारबाट हस्तान्तरित अनुदान** | | २८३४०४००० | प्रकोप व्यवस्थापन कोष | २३५९०९८ | |
| संघीय समानिकरण अनुदान | ७२९१२००० | | नेपाल दूरसञ्चार प्राधिकरण- ब्रोडब्याण्ड इन्टरनेट सेवा शुल्क | १४५७७० | |
| संघीय शसर्त अनुदान | १९७४९२००० | | MEDPA- जनसहभागिता तर्फको लागत साझेदारी | ६३९०० | |
| संघीय समपुरक अनुदान | ५०००००० | | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम- शिक्षा विकासनिर्देशनालय, बागमती प्रदेश | २८१७३२० | |
| संघीय अनुदान | ८०००००० | | सूचना प्रविधि अधिकृत तलब भत्ता | ३८१००० | |
| **प्रदेश सरकारबाट हस्तान्तरित अनुदान** | | ६८८६२००० | खरानीटार अस्पताल आँखा केन्द्र | ४४००२४ | |
| प्रदेश समानिकरण अनुदान | ७२०८००० | | **धरौटीफिर्ता** | | ७२८४१२ |
| प्रदेश शसर्त अनुदान | २६६५४००० | | धरौटी फिर्ता/सदरस्याहा | ७२८४१२ | |
| प्रदेश समपुरक अनुदान | २५०००००० | | **अन्तरसरकारीअख्तियारी तर्फको खर्च रकम** | | १०९२०६९८८ |
| प्रदेश विशेष अनुदान | १०००००००| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६८०००० | |
| **राजश्व बाडफाडबाट प्राप्त आय** | | ७५५०६४०४ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | २५१९३९ | |
| संघीय सरकारबाट प्राप्त राजश्व बाडफाँड | ७५५०६४०४ | | सामाजिक सुरक्षा तथा संरक्षण | १०७२७५०४९ | |
| प्रदेश सवारी कर बाँडफाँड | ० | | **खर्च नभएको निकासा/अनुदान फिर्ता** | | ३७३९८१९० |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर(मालपोत) | ० | | संघिय सरकारबाट हस्तान्तरित अनुदान फिर्ता | २५६६६८८७ | |
| **आन्तरिक आय** | | ४२१२९९० | प्रदेश सरकारबाट हस्तान्तरित अनुदान फिर्ता | ११७३१३०२ | |
| आन्तरिक आम्दानी | ४२१२९९० | | **अन्तरसरकारी अख्तियारीतर्फको फ्रिज रकम** | | ० |
| **कार्यसञ्चालन तर्फको आय** | | ६८४८०१४ | अन्तरसरकारी अख्तियारी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तर्फको फ्रिज रकम | | |
| प्रकोप व्यवस्थापन कोष | ३०००००० | | **बैंक मौज्दात** | | **२७३५५०७५** |
| नेपाल दूरसञ्चार प्राधिकरण-ब्रोडब्याण्डइन्टरनेट सेवा शुल्क | १४५७७० | | संचित कोष खाता | २०९१०२१३ | |
| MEDPA- जनसहभागिता तर्फको लागत साझेदारी | ६३९०० | | धरौटी मौज्दात | ५८०३९६० | |
| अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम- शिक्षाविकास निर्देशनालय, बागमती प्रदेश | २८१७३२० | | विविध कोष खाता मौज्दात | ६४०९०२ | |
| सूचना प्रविधि अधिकृत तलब भत्ता | ३८१००० | | | | |
| खरानीटार अस्पताल आँखा केन्द्र | ४४००२४ | | | | |
| **धरौटीतर्फको आय** | | **२९९७९०२** | | | |
| धरौटी आय | २९९७९०२ | | | | |
| **अन्तरसरकारी अख्तियारी तर्फ** | | **१०९२०६९८८** | | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६८०००० | | | | |
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | २५१९३९ | | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | १०७२७५०४९ | | | | |
| **जम्मा** | | **५९०१५७६२१।००** | | | **५९०१५७६२१।००** |

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायअनुसार छ ।

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ५,३४,७२,९१०.६९ | ०.०० | ५,३४,७२,९१०.६९ | ८,९८,७९,३१८.२९ | ०.०० | ८,९८,७९,३१८.२९ |
| १३००० | अनुदान | | ३१,४८,६७,८१०.४५ | ०.०० | ३१,४८,६७,८१०.४५ | ३६,६७,७६,४११.०० | ०.०० | ३६,६७,७६,४११.०० |
| १४००० | अन्य राजस्व | | ४८,४३,१५८.७७ | ०.०० | ४८,४३,१५८.७७ | ३३,२७,२०५.०० | ०.०० | ३३,२७,२०५.०० |
| १५००० | विविध प्राप्ति | | ३,१४,०९३.०० | ०.०० | ३,१४,०९३.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ३७,३४,९७,९७२.९१ | | ३७,३४,९७,९७२.९१ | ४५,९९,८२,९३४.२९ | | ४५,९९,८२,९३४.२९ |
| ३ | चालु | | ३०,१७,११,५८५.५६ | ०.०० | ३०,१७,११,५८५.५६ | ३०,३९,८१,९२९.७१ | ०.०० | ३०,३९,८१,९२९.७१ |
| २१००० | पारिश्रमिक / सुविधा | | ११,६५,१३,४३४.७३ | ०.०० | ११,६५,१३,४३४.७३ | १५,९७,२१,७५०.४४ | ०.०० | १५,९७,२१,७५०.४४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,०४,४५,२०२.८३ | ०.०० | ११,०४,४५,२०२.८३ | ८,४२,७७,२४९.०७ | ०.०० | ८,४२,७७,२४९.०७ |
| २५००० | सहायता (Subsidy) | | ६०,८१,१६०.०० | ०.०० | ६०,८१,१६०.०० | १,६८,१३,८०९.९२ | ०.०० | १,६८,१३,८०९.९२ |
| २६००० | अनुदान | | ६,१६,४१,९२६.०० | ०.०० | ६,१६,४१,९२६.०० | १,०९,२६,३७४.०० | ०.०० | १,०९,२६,३७४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६४,३९,९६२.०० | ०.०० | ६४,३९,९६२.०० | ९३,७१,४४६.२८ | ०.०० | ९३,७१,४४६.२८ |
| २८००० | अन्य खर्च | | ५,८९,९००.०० | ०.०० | ५,८९,९००.०० | २,२८,७१,३००.०० | ०.०० | २,२८,७१,३००.०० |
| ४ | पूंजीगत | | १०,७५,५०,२५९.०० | ०.०० | १०,७५,५०,२५९.०० | १५,१२,०१,९८७.७२ | ०.०० | १५,१२,०१,९८७.७२ |
| ३१११० | भवन तथा संरचना | | १,०२,७१,५२२.०० | ०.०० | १,०२,७१,५२२.०० | ९४,५८,८५९.४१ | ०.०० | ९४,५८,८५९.४१ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४९,१४,४३१.०० | ०.०० | ४९,१४,४३१.०० | ९४,५०,९७१.०० | ०.०० | ९४,५०,९७१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३,९६,३५०.०० | ०.०० | ३,९६,३५०.०० | ०.०० | ०.०० | ०.०० |
| ३११४० | सुरक्षा उपकरण | | ६,४४,४००.०० | ०.०० | ६,४४,४००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,९३,८०,३६४.०० | ०.०० | ८,९३,८०,३६४.०० | १२,९४,५४,८१८.३१ | ०.०० | १२,९४,५४,८१८.३१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १८,४३,१९२.०० | ०.०० | १८,४३,१९२.०० | २८,३७,३३९.०० | ०.०० | २८,३७,३३९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,००,०००.०० | ०.०० | १,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४०,९२,६१,८४४.५६ | | ४०,९२,६१,८४४.५६ | ४५,५१,८३,९१७.४३ | | ४५,५१,८३,९१७.४३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,५७,६३,८७१.६५) | | (३,५७,६३,८७१.६५) | ४७,९९,०१६.८६ | | ४७,९९,०१६.८६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | २६,८३,८९९.४९ | | २६,८३,८९९.४९ | ३५,१८,४७२.२१ | | ३५,१८,४७२.२१ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (२४,३४,७८५.१६) | | (२४,३४,७८५.१६) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,३०,७९,९७२.१६) | | (३,३०,७९,९७२.१६) | ८३,१७,४८९.०७ | | ८३,१७,४८९.०७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६,०४,३५,०४६.९९ | | ६,०४,३५,०४६.९९ | ५,२१,१७,५५७.९२ | | ५,२१,१७,५५७.९२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,७३,५५,०७४.८३ | | २,७३,५५,०७४.८३ | ६,०४,३५,०४६.९९ | | ६,०४,३५,०४६.९९ |

## ४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०७२७५०४९।०० शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु.२५१९३९।०० र स्वास्थ्य क्षेत्र सुधारको रु.१६८००००।०० समेत गरी रु.१०९२०६९८८।०० सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ: सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२१३१५७२४।००, यस वर्षको प्राप्तिमा रु.१७७५४०३२४।०० र यस वर्षको भुक्तानीमा रु.१५३५४०७०१।०० फरक देखिएको र हालको बैंक मौज्दातमा भने फरक देखिएको छैन।पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश फिर्तालाई पनि खर्च मानिएको र सुत्रको २७०-०१ ले विभिन्न कोषको प्राप्ति भुक्तानी छुट्टाछुट्टै नदेखाइ फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाव फरक देखिएको छ।अत: पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुनुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** | **कैफियत** |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६०४३५०४७ | ३७३४९७९७३ | ४०९२६१८४५ | २७३५५०७५ | प्राप्ति र भुक्तानीमा देखिएको फरक रकम रु.२३९९९६२३।०० मध्ये म.ले.प.फा.नं. २७०-०१(घ) मा विविध अन्य कोषको बचत थपघटमा देखिएको रु.२६८३८९९।०० र गत वर्षको जिम्मेवारी फरक रु. २१३१५७२४।०० |
| एकीकृत आर्थिक विवरणअनुसार | ३९११९३२३ | ५५१०३८२९७ | ५६२८०२५४६ | २७३५५०७५ | |
| फरक | २१३१५७२४ | १७७५४०३२४ | १५३५४०७०१ | ० | |

६ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३९८५५७४१।०० मौज्दात रहेकोमा सुत्रको म. ले. प. फा. नं. २७० अनुसार यो वर्ष रु.६०४३५०४७।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी जिम्मेवारी सारेको रकम रु.२०५७९३०६।०० को सम्बन्धमा यकिन गरी पेश हुनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेश गरेको प्रमाण उपलव्ध भएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ,

• दीगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका बेहोरा कार्यान्वियन गरेको देखिएन ,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको छैन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन ,

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको देखिएन ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट आ.ब. २०८०/०८१ मा सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• वडा कार्यालयमा रहेका जिन्सी सामानसहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यवद्यिक गरेको पाईएन,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकामा आन्तरिक लेखापरीक्षण शाखामा कर्मचारी नभएकोले पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नगराएको जवाफ प्राप्त भएको छ।तसर्थ: कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको उपाध्यक्षले मिति २०८०/०३/१० मा रु. ४८ करोड ७३ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८०/०३/१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१० **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १३८ योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी खर्च भएको विवरण देहाय बमोजिमको रहेको छ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू.१ लाख भन्दा कमका योजना | ३७ | ३४७७३६२।०० |
| २ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ८० | २३६४४७२१।०० |
| ३ | रू.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | ७ | ५३५४७६०।०० |
| ४ | रू.१० लाख देखि माथि रु २० लाख सम्मका योजना | २ | ३००००००।०० |
| ५ | रू.२० लाख देखि माथि रू.५० लाख सम्मका योजना | ५ | १२५२३५७४।०० |
| ६ | रू.५० लाख भन्दा माथीका योजना | ७ | ६१४२७४४५।०० |
| **जम्मा** | | **१३८** | **१०९४२७८६२।००** |

उपर्युक्त विवरणअनुसार पालिकाले ५ लाख भन्दा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने सम्भावना रहन सक्छ । अत् साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनाको छनौट र कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ ।

## १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४२५००००।०० | २२१३७३४९।०० | ६५ |
| २ | पूर्वाधार विकास | ११२२५००००।०० | ८६४५८१६५।०० | ७७ |
| ३ | सामाजिक विकास | २२७००७०००।०० | २००००१३७१।०० | ८८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७३६९५१५।०० | १५८५३८३३।०० | ९१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९६४७९२९९।०० | ८४८११२७।०० | ८८ |
| **जम्मा** | | **४८७३५५८१४।००** | **४०९२६१८४५।००** | **८४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा २० करोड विनियोजन भएको छ भने सबैभन्दा कम संस्थागत विकास तथा सुशासनमा १ करोड ५८ लाख ५३ हजार बजेट विनियोजन भएको छ।साथै सबैभन्दा बढी खर्च संस्थागतमा नै ९१.२७ प्रतिशत भएको देखियो । अतः पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

## १५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष विभिन्न कोष तथा अन्तरसरकारी अख्तियारी वाहेक राजस्व बाँडफाँडबाट रु.७५५०६४०५ ,अनुदानबाट रु.३१४८६७८०९।०० गतवर्षको मौज्दात सहित आन्तिरक स्रोतबाट रु.४४०६८७३१।०० गरी रु.४३४४४२९४५।०० आम्दानी गरेकोमा चालु तर्फ रु.३०१७११५८५।०० र पूँजिगत तर्फ रु.१०७५५०२५९।०० गरी जम्मा रु.४०९२६१८४५।०० खर्च भएको छ।खर्च मध्ये आन्तरिक स्रोतको हिस्सा १०.७६ प्रतिशत रहेको छ।यसवर्ष पदाधिकारी सुबिधामा रु.५०५८८९०।०० खर्च भएको छ

जुन आन्तरिक आय रु.४२१२९९०।०० को १२०.०७ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८६.८१ प्रतिशत चालु र ७६.९३ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| **विवरण** | **विनियोजन** | **खर्च** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|
| पूँजीगत खर्च | १३९८०००००।०० | १०७५५०२५९।०० | ७६.९३ |
| चालु खर्च | ३४७५५५८१४।०० | ३०१७११५८६।०० | ८६.८१ |

## १६ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु.हजारमा)** | | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | संघीय पूँजीगत | २१४१८५८१ | ० | २३७५५६८ | १३९५४९४ | १७६४७५१९ | ३७७८९४४ |
| २ | प्रदेश पूँजीगत | २४६२५५० | ० | ० | ० | २४६२५५० | २४६२५५० |
| ३ | गाउँपालिका पूँजीगत | ८३६६९१२८ | ० | २४८४६३२ | २८३६८१५५ | ५२८१६३४१ | १८०९०४५७ |
| **कुल खर्च** | | **१०७५५०२५९।००** | **०।००** | **४८६०२००।००** | **२९७६३६४९।००** | **७२९२६४१०।००** | **२४३३१९५१।००** |
| **खर्च प्रतिशत** | | **१००** | **०** | **५** | **२७** | **६८** | **२३** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजिगत तर्फ वार्षिक रु.१०७५५०२५९।०० खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको देखिएन भने, दोस्रो त्रैमासिकमा रु.४८६०२००।०० (५ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु.२९७६३६४९।०० (२७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७२९२६४१०।०० खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड ४३ लाख ३१ हजार (२३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्दै नियममा भएको व्यवस्था अनरुप स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

## १७ सेवा प्रवाह

पालिकाले उपलव्ध गराएको विवरण अनुसार व्यक्तिगत घटना दर्ता तथा सेवा प्रवाहको अवस्था निम्न छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ८३८ |
| मृत्यु दर्ता | २९६ |
| बसाईसराई दर्ता | ६० |
| विवाह दर्ता | ४३७ |
| सम्बन्ध विच्छेद दर्ता | २२ |
| **जम्मा** | **१६५३** |

पालिकाले सेवा प्रवाहलाई गुणस्तरीय बनाई अभिलेखीकरण गर्नुपर्दछ ।

**१८ कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा गत वर्ष ३५ वटा जम्मा कानुन निर्माण गरेकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, १ वटा मापदण्ड, १६ कार्यविधि लगायत ४९ वटा गत वर्ष भन्दा १४ वटा बढी कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको जनाएको छ । पालिकाले नेपालको संविधानको अधिनमा रही आवश्यक कानुन निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

**१९ विवाद/उजुरी फस्र्यौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको ३६ गरी कुल ४४ विवाद दर्ता भएकोमा ४० वटा मात्र फस्र्यौट भई ४ वटा विवाद फस्र्यौट हुन बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी समयमानै टुङ्गो लगाउनुपर्दछ ।

**२० सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३० वटा सहकारी संस्था रहेका छन् ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

**२१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना स्थायी र ४० जना करारवाट पदपूर्ती भएको देखिन्छ भने ६ पद रिक्त देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, अधिकृत आलेप सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता

नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| स्वीकृत पद | सख्या | पदपूर्ती | | ज्यालादारी | पदपूर्ति बाँकी |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | | |
| प्रमुख प्रशासकीय अधिकृत | १ | १ | ० | | ० |
| ईन्जिनियर | १ | ० | १ | | ० |
| लेखा अधिकृत | १ | १ | ० | | ० |
| अधिकृत | २ | १ | ० | | १ |
| अधिकृत | १ | ० | ० | | १ |
| आ.ले.प | १ | ० | ० | | १ |
| सहायक | ४ | ४ | ० | | ० |
| कम्प्युटर अपरेटर | १ | ० | १ | | ० |
| लेखा सहायक | १ | १ | ० | | ० |
| प्राविधिक सहायक | १ | १ | ० | | ० |
| हे.अ. | १ | १ | ० | | ० |
| सव ईन्जिनियर | १ | १ | ० | | ० |
| अ.सव.ई. | १ | १ | ० | | ० |
| स.म.वि.नि | १ | १ | ० | | ० |
| खा.पा.स.टे | १ | ० | ० | | १ |
| सहायक | १ | १ | ० | | ० |
| सव ईन्जिनियर | २ | २ | ० | | ० |
| सहायक | ५ | ५ | ० | | ० |
| अ.सव.ई. | ४ | २ | ० | | २ |
| | | | | | |
| विभिन्न कार्यक्रम समेतको करार तर्फ | | | | | |
| सु.प्र.अ | १ | | १ | | ० |
| रेजगार संयोजक | १ | | १ | | ० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| स.क.अ | १ | | १ | | ० |
| स.क.अ | १ | | १ | | ० |
| रोजगार सहायक | १ | | १ | | ० |
| ना.प्रा.स | १ | | १ | | ० |
| ना.प्रा.स | १ | | १ | | ० |
| क.अ | १ | | १ | | ० |
| न्यायिक सहजकर्ता | १ | | १ | | ० |
| प्राविधिक सहायक | १ | | १ | | ० |
| हे.अ पाँचौ | १ | | १ | | ० |
| एम.आइ.एस अपरेटर | १ | | १ | | ० |
| फिल्ड सहायक | १ | | १ | | ० |
| ना.प्रा.स | १ | | १ | | ० |
| माटो परीक्षक | १ | | १ | | ० |
| अमिन | १ | | १ | | ० |
| उ.वि.स | १ | | १ | | ० |
| कृषि | १ | | १ | | ० |
| ना.प्रा.स | १ | | १ | | ० |
| उ.वि.स | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| सहयोगी | १ | | १ | | ० |
| का.स | १ | | १ | | ० |
| स.क.अ | १ | | १ | | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| स.क.अ | ९ | | ९ | | ० |
| स.क.अ | ९ | | ९ | | ० |
| स.क.अ | ९ | | ९ | | ० |
| स.क.अ | ९ | | ९ | | ० |
| स.क.अ | ९ | | ९ | | ० |
| का.स | ९ | | ९ | | ० |
| का.स | ९ | | ९ | | ० |
| का.स | ९ | | ९ | | ० |
| ह.स.चा | ९ | | ९ | | ० |
| ह.स.चा | ९ | | ९ | | ० |
| जम्मा | ६९ | २३ | ४० | | ६ |

२२ **विद्यालय र विधार्थी संख्या**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विधार्थी संख्या** | **शिक्षक** |
|---|---|---|---|---|
| ९ | सामुदायिक विद्यालय | ३१ | ३२४५ | ९४३ |
| २ | संस्थागत विद्यालय | ४ | ८४५ | |
| **जम्मा** | | **३५** | **४०९०** | |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ४०९० रहेकोमा ८० प्रतिशत सामुदायिक र २० प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।त्यस्तै सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात ९:२३ रहेको छ। यो अनुपात समग्रमा तोकिएको अनुपात बमोजिम नै भए तापनि विद्यालय विशेषमा समेत अनुपातको अवस्थाको बारेमा पालिकाले विचार गरी व्यवस्थापन गर्नुपर्दछ।

२३ **गाउँपालिका स्रोत शिक्षक-कर्मचारी खर्च**

शिक्षा नियमावली २०५९ को नवौं (संसोधन) २०७७ मा शिक्षकहरुलाई ज्यालादारी करारमा नियुक्त गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका विद्यालयमा प्रदेश सरकार/नेपाल सरकार राजस्व बाडफाँट तथा आन्तरिक आय श्रोत समेतबाट ३० विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्ताको पारीश्रमिक खर्च लेखेको छ।संगठन तथा व्यावास्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गर्न नेपाल सरकार संग अनुरोध गरी दरबन्दी कायम गर्नु पर्ने, दरबन्दी मिलान पश्चात शिक्षक सेवा आयोगबाट स्थायी रुपमा पदपूर्ति प्रयोजन सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडी बढाउने तथा आयोगबाट पदपूर्ति नहुने अन्य पद आन्तरिक आयको दिगो श्रोत व्यवस्थापन गर्नु पर्दछ ।

| त्रैमासिक | विद्यालय सङ्ख्या | विवरण | रकम | जम्मा |
|---|---|---|---|---|
| प्रथम | ३० | बालविकास सहजकर्ता | १८०५३००।०० | ३८८४२८६।०० |
| | | निजीश्रोत शीक्षक | २०७८९८६।०० | |
| दोश्रो | ३० | बालविकास सहजकर्ता | १३६५०००।०० | २८७२१९०।०० |
| | | निजीश्रोत शीक्षक | १५०७१९०।०० | |
| तेश्रो | ३० | बालविकास सहजकर्ता र निजीश्रोत शीक्षक | | २८९७३००।०० |
| चौथो | ३० | बालविकास सहजकर्ता | | २८२५५६।०० |
| | | निजीश्रोत शिक्षक | | २५४४२१७।०० |

२४ **इन्धन तथा मर्मत खर्च**

ईन्धन खर्चको आन्तरिक नियन्त्रणको लागि सवारी लगबुक महालेखापरीक्षकको फारम नम्बर ९०५ मा अभिलेख राख्नुपर्ने व्यवस्था गरेको। पालिकाले यो वर्ष इन्धनको लागि रु.२३५००००।०० बजेट विनियोजन गरेकोमा रु.१८३१०३१।०० खर्च गरेको छ र पूँजीगत कन्टेजेन्सी समेतबाट खर्च भएको देखिएको छ।त्यस्तै सवारी साधन मर्मत संभार शिर्षकमा यस आ. व. मा रु.१९०००००।०० वजेट विनियोजन भएकोमा रु.१७५५२००।०० खर्च भएको देखिन्छ।पालिकाको स्वामित्वमा २६ वटा मोटर साईकल तथा ३ गाडी गरी २९ वटा सवारी साधन रहेकोमा सवारी ईन्धन तथा मर्मत खर्च गर्दा सवारी लगवुक तथा मर्मत संभार अभिलेख व्यवस्थित गरी राख्नु पर्नेमा सो गरेको देखिएन।सवारी इन्धन तथा मर्मत खर्च गर्दा सवारी लगवुक तथा मर्मत संभार अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ । सवारी लगबुकको प्रयोगले ,सवारी प्रयोग कर्ताको गन्तव्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययितता कायम हुन्छ | सवारी लगबुकको प्रयोग नगरिदा कसलाई कुन प्रयोजन कति परिमाणमा ईन्धन दिएको हो प्रयोग भएको सवारी साधनको गुडेको अवधी दुरी र खपत भएको इन्धन बीच मेल खाए नखाएको जानकारी नहुने हुदा सवारी लगबुक राखिनु पर्दछ | पालिकाले विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा राखेको पाइएन | ईन्धन खर्च र सवारी मर्मतको सिमा निर्धारण गरी नियन्त्रण गरिनु पर्दछ ।

२५ **प्रोत्साहन भत्ता**

तादी गाउँपालिकाको कार्यसम्पादनमा आधारीत कर्मचारी प्रोत्साहन कार्यविधी, २०८० को दफा २.१ र ३.२ तथा अनुसूची १ (क) र (ख) मा अतिरिक्त समय कार्य, विदाको दिन कार्य तथा राम्रो कार्यसम्पादन जस्ता सूचकको आधारमा प्रोत्साहन भत्ता दिने व्यवस्था छ। अनुसूची १ को खण्ड (क) मा सुपरीवेक्षकको मुल्याङ्कनको लागि ५० वटा सूचकको ३० अङ्क र खण्ड खमा पुनरावलोकनकर्ताको लागि ५ वटा सूचकको ७० अङ्कको मूल्याअङ्कन गरी कुल १०० अङ्कभारका आधारमा भत्ता दिएको छ। पालिकाले यो वर्ष कार्यपालिकाको २०७९।१२।२८ को निर्णय र तादी गाउपालिकाको कार्यसम्पादनमा आधारीत कर्मचारी प्रोत्साहन कार्यविधी २०८० अनुसार ६० प्रतिशत सम्म भत्ता दिने व्यवस्था अनुसारको १३ जना कर्मचारीलाई रु.२०९९१२८।०० भत्ता दिएको छ।पालिकाको आन्तरिक रु.४२ लाख १२ संग तादाम्यता हुने गरीप्रोत्साहन भत्ता वितरण गर्नु पर्नेमा सो गरेको देखिएन।पालिकाले प्रोत्साहन भत्ता वितरण गर्दा एकमुष्ट प्रतिशतका आधारमा भुक्तानी दिएको छ।कार्यसम्पादन सूचकका आधारमा सम्पादित कामको मापन गरि प्राप्त नतिजाको आधारमा मितव्ययिता कायम गरि घटिबढिका आधारमा उपलव्ध गराउनु पर्दछ ।

२६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ४७ जना लाई रु २००० देखि १०००० सम्मका दरले विरामिको अभिभावक गाउँपालिका आर्थिक सहयोग कार्यक्रमबाट रु ३ लाख २० हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४२ लाख १२ हजार को ८ प्रतिशत हुन आउँछ । यसरी आन्तरीक आयको ठुलो हिस्सा आर्थिक सहयाता जस्तो

अनुत्पादक क्षेत्रमा जादाँ पालिकाको विकास निर्माण तथा सामाजिक विका जस्ता महत्वपुर्ण क्षेत्रमा वजेटको अभाव हुन सक्दछ । अत अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण कायम गर्नुपर्दछ ।

२७ **चाडपर्व खर्च**

निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियमावली २०५० को साथै बागमती प्रदेश निजामती सेवा ऐन २०७९को दफा ४९ (१) मा निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउने व्यवस्था छ।वर्षको एक पटक दिईने उक्त पर्व खर्च जुन महिनामा दिएको हो अभिलेख राखी अर्को वर्ष सोही महिनामा दिनु पर्दछ ।अधिकांश कर्मचारीलाई दशैँ पर्वको बेला दिएको यस्तो सुविधा निम्नानुसारका कर्मचारीलाई २०८१ असारमा दिएकोले पछिल्ला वर्षहरुमा असारमा नै दिनेगरी अभिलेख राखेको देखिएन । तसर्थ: अभिलेख राखी यस्तो खर्च भुक्तानी गर्नु पर्दछ ।

| **कर्मचारीको पद** | **नाम थर** | **कार्यरत स्थान** | **पर्व खर्च रकम रु** |
|---|---|---|---|
| हेल्थ अशिष्टेन्ट | हृदयश कुमार आर्य | उर्लेनि स्वास्थ्य चौकी | ३४७३०।०० |
| हेल्थ अशिष्टेन्ट | शम्भु कुमार थापा मगर | नर्जमणंडप स्वास्थ्य चौकी | ३४७३०।०० |
| हेल्थ अशिष्टेन्ट | सोना राई | रालुका देवी स्वास्थ्य चौकी | ३४७३०।०० |
| हेल्थ अशिष्टेन्ट | गुना खत्री | सुन्दरी देवी स्वास्थ्य चौकी | ३४७३०।०० |

२८ **पोष्ट डेलसभरी केयर खर्च**

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको स्थानीय तहमा उत्तर प्रसुति घरभेट कार्यक्रमको सुक्ष्म योजना तथा सञ्चालन निर्देशिका, २०७७ को दफा २.१.६ मा अनुसूची ४ (ग) मा उल्लिखित भौगोलिक दुरीका अनुसार सेवा प्रदायकलाई स्वास्थ्य सँस्थाबाट घर भेट सेवा प्रदान गर्न जाँदा वार्डको गाउँवस्तीमा पुग्ने समयको आधारमा सङ्घीय सरकारबाट उपलब्ध भएको स्थानीय तहको शसर्त कार्यक्रमको मार्गदर्शनमा तोकिए बमोजिम स्थानीय तहले घर भेटको लागि प्रोत्साहन खर्च बाँडफाँड गर्नु पर्ने व्यवस्था छ।साथै आर्थिक बर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान, अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शनको १.१ को स्थानीय तहमा उत्तर प्रसूति घर भेट PNC home visit कार्यक्रमको संचालन प्रकृयामा घरमै सुत्केरी भएको खण्डमा प्रोटोकल अनुसार पहिलो जाँच जतिसक्दो छिटो गराउनु पर्छ। नर्सिङ्ग कर्मचारीले आ-आफ्नो कार्यक्षेत्र भित्र भएका सुत्केरीहरुको घरभेट दोस्रो (३ दिनमा) र तेस्रो (७- १४ दिनभित्र) घर मै गई जाँच गर्नुपर्नेछ र ४२ दिनमा स्वास्थ्य सस्था/खोप क्लिनिक/गाउँ घर क्लिनिकमा आमा तथा नवशिशु जाँच गर्नु पर्नेछ ।नर्सिंग कर्मचारीले घरभेट गर्न जाँदा दुरी र भोगोलिक विकटताको आधारमा प्रति घरभेट रू.२००।०० देखि रु.५००।०० सम्म यातायात खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था अनुसार पालिका अन्तर्गतका ६ वटा स्वास्थ्य सँस्थाबाट १३३ पटक भेटघाट गरेको भनी रु.४००।०० का दरले रु.५३२००।०० खर्च लेखेको छ । भौगोलिक दुरीका आधारमा दिनुपर्ने यस्तो सुविधा स्वास्थ्य सँस्था निकटका सेवाग्राही प्रसूतिको समेत रु.४००।०० ले दिएको देखियो ।पालिकाका ६ वटा स्वास्थ्य सँस्थाबाट अधिकांश स्थान नजिकै रहने अवस्थामा न्यूनतम रकम रु.२००।०० मात्र दिनु पर्नेमा रु.४००।०० दिएकोले रु.२६६००।०० थप व्ययभार परेको हुदा दुरी तय गरी यस्तो खर्च सेवा ग्राही र स्वास्थ्य सँस्था विचको भौगोलिक दुरीका आधारमा दिनु पर्दछ ।

२९ **खरानिटार अस्पताल संचालन :-**

अस्पताल संचालन तथा व्यवस्थापनको लागि गठन आदेश वा संचालन तथा व्यवस्थापन कानुन को व्यवस्था हुनु पर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६को दफा ३५मा प्रत्यक कार्यालयले आय-व्यय तथा कारोवारको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४को दफा ७७मा मा समेत स्थानिय तहले आफ्नो आय -व्ययको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०७८।७९मा बागमती प्रदेश सरकारबाट रु ६०लाख अनुदान प्राप्त भएपछि साविकको प्राथमिक स्वास्थ्य केन्द्र खरानिटार अस्पतालमा परिणत

भएको देखिन्छ ।अस्ताल संचालन तथा व्यवस्थापन संबन्धी कानुनी व्यवस्था र अस्पतालको स्वामित्व सम्बन्धमा कुनै व्यवस्था देखिएन । कानुनमा स्पष्ट व्यवस्था नभएकोले साविकको प्राथमिक स्वास्थ्य केन्द्र खरानिटारको रुपमा यो अस्पताल पालिकको स्वामित्वमा संचालन तथा व्यवस्थापन भई संचालनमा रहेको छ । अस्पतालको आर्थिक कारोवारको आ व २०७७।७८ वर्ष देखि लेखापरीक्षण भएको छैन । अस्पताल प्रशासन संग गत विगत वर्ष र यो वर्षको आय व्यय लगायतका वित्तिय विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन माग गरेकोमा पेश भएन । पालिकाबाट यो अस्पताल संचालनको लागि रु २० लाख विनियोजन भएकोमा पारिश्रमिकमा रु १९६९९३०।०० खर्च भएको छ । सो वाहेक विभिन्न खर्च शिर्षकमा पटके रुपमा दिएको अनुदानको खर्चका विल भरपाई पालिकामा पेश भएता पनि सो को वार्षिक हिसाव तथा अस्पताललले संचालन गरेको ओपिडी सेवा , प्रयोगशाला , रेडियोलोजी सेवा , औषधी बिक्रि , विरामीलाई गरेको उपचारगरेको सेवा जस्ता विभिन्न सेवा दिए वापत विभिन्न शिर्षकमा आम्दानी गरेको आन्तरिक राजस्व पालिकको खातामा दाखिला गरेको विवरण तथा आम्दानी गरेको रकम बाट औषधि उपकरण खरिद लगायतमा गरेको खर्चको विवरण माग गरेकोमा हिसाव पेश गरेको छैन ।लेखा परीक्षण नगराएको सम्बन्धमा तालुक निकायले समेत स्पष्ट पार्नु पर्दछ। लेखापरीक्षणको लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानुन माग गरेकोमा लेखापरिणको क्रममा पेश नभएको साथै अस्पतालको आम्दानी खर्च तथा कोषको कारोवारको विगत ४ वर्ष देखि लेखापरीक्षण नभएकोले श्रेष्ता कागजात प्रमाण अद्यावधिक गरि लेखापरीक्षण गराउनु पर्दछ ।

## ३० सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ती

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ३१ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | राहत/करार |
|---|---|---|---|
| सामुदायिक | १९६ | १४३ | ५३ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १९६ दरबन्दी रहेकोमा १४३ जना स्थायी पदपूर्ती र ५३ जना राहत/करार/गा.पा.स्रोत करारमा नियुक्त गरी जम्मा १९६ पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३१ पेश्की बाँकीको विवरण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

## ३२ अनुदान व्यवस्थापन

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १७ | १२९००००००।०० |
| २ | पशु तर्फ | ९ | ७३१०००।०० |
| **जम्मा** | | **२६** | **१३६३१०००।००** |

| कृषि विकास तर्फ | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम तथा योजनाहरु | अनुदान पाउनेको नाम | जम्मा रकम रु. | कैफियत |
| १ | आलु प्रवद्र्धन कार्यक्रम | बगमारा भंगेरी कृषि तथा पशुपन्छी कृषक समुह<br>हिले कृषि तथा पशुपन्छी कृषक समुह<br>गाङटोल कृषक समुह , | १००००००।०० | एकमुष्ट |
| २ | कफी खेती प्रवद्र्धन कार्यक्रम | गोसाईकुण्डा अरबिका कफि स्टेट<br>श्री चुचे ढुङ्गा माछा ,मौरी ,तथा गाई भैँसी कृषि फर्म,<br>श्री सोमा तामाङ बाख्रा तथा बहुउदेश्य कृषि फर्म<br>ग्रिन लाईट कफि फर्म, संजीवनी कृषि फर्म<br>जनशशि एग्रो फर्म<br>तादी कफि तथा नर्सरी फलफुल फर्म | १५०००००।०० | एकमुष्ट |
| ३ | ओखर खेती प्रवद्र्धन कार्यक्रम ,तादी – ४ | श्री आगमन बहुआयमिक कृषि तथा पशुपालन फर्म<br>श्री जे.एस. एग्रो फर्म<br>श्री न्होर छो कृषि तथा पशुपन्छी तथा एग्रो टुरिजम फर्म | १००००००।०० | एकमुष्ट |
| ४ | फलफुल प्रवद्र्धन कार्यक्रम ( कागती ) , तादी – ३ | श्री निसा कृषि तथा पशुपन्छी विकास बहुउद्देश्यीय फर्म तादी 3 | १५०००००।०० | |
| ५ | प्रोटेबल कोल्ड च्याम्बर निमार्ण | श्री बेलाबोट कृषि सहकारी संस्था लि. | १५०००००।०० | |
| ६ | आ.व.२०७९।८० मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता | श्री कुसुम कृषि तथा पशुपन्छी फर्म<br>श्री बोहोरे बन्चरे हुँदै डुम्रे सिचाँई उपभोक्ता समिति<br>श्री भंगेरी कृषि तथा पशुपन्छी फर्म<br>श्री बेलाबोट कृषि सहकारी संस्था<br>श्री डोटेल वेशी कृषक समुह | ५०००००।०० | एकमुष्ट |
| ७ | क्यातुके खेती कार्यक्रम | श्री देउराली सालघारी सामुदायिक वन उपभोक्ता समुह , तादी ४ | ५०००००।०० | |
| ८ | रैथाने बाली प्रवद्र्धन कार्यक्रम (आलु , फापर ) | बगमारा भंगेरी कृषि तथा पशुपन्छी कृषक समुह<br>हिले कृषि तथा पशुपन्छी कृषक समुह | ५०००००।०० | एकमुष्ट |
| ९ | टनेल खेती ५० प्रतिशत लागत साझेदारी कार्यक्रम | श्री युनिसा कृषि पशुपालन फर्म<br>श्री सक्षम कृषि फर्म<br>श्री बाङगेटार तरकारी कृषक समुह<br>श्री माहालक्ष्मी अर्गानिक कृषि फर्म<br>श्री जलेश्वरी बाख्रा फर्म<br>श्री गणेश कृषि फर्म<br>श्री उपलब्ध एकिकृत कृषि तथा पशुपन्छी फर्म | ५०००००।०० | एकमुष्ट |
| १० | कृषि सहायता अनुदान ( ५ नं. वडा ) | वडा नं. ५ मा टनेल प्लाष्टिक खरिद गरी वितरण गरेको | ५०००००।०० | |
| ११ | मौरी पकेट क्षेत्र स्थापना | मौरीको घार खरिद गरि वडा नं. १ को किसानलाई वितरण | ५०००००।०० | |
| १२ | जौविक मल उत्पादनमा अनुदान | श्री सुन्धारा बहुद्देशिय सहकारी संस्था | ५०००००।०० | |
| १३ | खाद्यान्न बालीको उन्नत बिउको उपयोगमा अनुदान ( धान , गँहु , | ५०% अनुदानमा किसानको माग भएको अनुसार धान, गँहु, मँकै को बिउ वितरण | १२०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | मँकै ) | | | |
| १४ | आ.व.२०७९।८० बाख्रा पकेट क्षेत्र स्थापनाको निरन्नतरता | श्री न्हछे बाख्रा फंम<br>श्री जलेश्वरी बाख्रा फंम<br>श्री अधिकारी बाख्रा फंम<br>कुसम कृषि तथा पशुपन्छी फर्म<br>श्री शिवचम्सुरी बाख्रा फंम<br>श्री बच्छला बाख्रा फर्म<br>श्री रेजिसा बाख्रा फर्म<br>श्री कुशल बाख्रा फंम | १५००००० ।०० | एकमुष्ट |
| १५ | किवि विरुवा खरिद तथा वितरण | वडा नं. १ मा किवि बिरुवा खरिद गरी वितरण गरेको | २००००० ।०० | |
| | | **जम्मा** | **१२९००००० ।००** | |

| **पशुसेवा तर्फ** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **कार्यक्रम तथा योजनाहरु** | **अनुदान पाउनेको नाम** | **जम्मा रकम रु.** | **कैफियत** |
| १ | दुध उत्पादनको आधारमा अनुदान कार्यक्रम | श्री आयुष्ना डेरी तादी –५ बाट ५० जना किसानलाई प्रति ली दुधको रु ५ को दरले अनुदान | ५०००००।०० | |
| २ | अनिता बंगुर फर्म तादी – ५ | अनिता बंगुर फर्म | २३१००००० ।०० | |
| | | **जम्मा** | **७३१०००।००** | |

उपरोक्त विवरण अनुसार रु.१३६३१०००।०० वितरण गरेको छ ।पालिकाले अनुदान वितरण गरेपश्चात प्रत्येक वर्ष अनुदान प्राप्त गर्ने व्यक्ति तथा संस्थाको विवरणको अभिलेख राखि अनुदान वितरणमा हुनसक्ने दोहोरोपनालाई नियन्त्रण गर्नुपर्दछ ।

## ३३ राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष रु.४२ लाख १२ हजार राजश्व सङ्कलन गरेको छ।पालिकाको प्राप्त हुनुपर्ने आम्दानी र प्राप्त भएको आम्दानी सम्वन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्वन्धमा यकिन हुन सकिएन।त्यस्तै सेवाग्राहीको विवरण सफ्टवेयरमा पोष्टिङ्ग गरी कम्प्युटर बिलका आधारमा रकम सङ्कलन गर्ने र पालिका तथा वडाका कर्मचारीहरुले नियमानुसार बैंकमा दाखिला गर्ने गरेको बताए पनि नमुना परीक्षणका क्रममा कतिपय वडाले सङ्कलित रकम समयमानै दाखिला गर्ने गरेको पाइएन।अत वडा तथा पालिकाले राजश्व दाखिला नियमानुसार समयमा नै गरी सोको यथार्थ विवरण राख्ने व्यवस्था गर्नुपर्दछ।पालिकाले सुत्र सफ्टवेयरबाटै राजश्व सङ्कलनको विवरण राख्ने व्यवस्था गरेकोमा राजश्व शिर्षकमा रु.५२१५।०० दाखिला बाँकी देखिएकोमा विभाज्य कोषमा रु.५२१५।00 दाखिला बढी देखिएको छ।यस सम्वन्धमा सुत्र सफ्टवेयरवाटै त्रुटि भएको पालिकाले जनाएको छ । अत: उक्त फरक आयका सम्वन्धमा यकिन गरी आगामी दिनमा राजश्व सङ्कलन तथा अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्दछ ।

## ३४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर तथा दहत्तर वहत्तर र सहित अनुमानित रु.४४लाख ५९ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष

२०८०।८१ मा रु.४२ लाख १२ हजार अर्थात अनुमान भन्दा ९४.४६ प्रतिशत आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

### ३५ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

| केन्द्रीय अनुदानबाट खर्च (रु. हजारमा) | आन्तरिक आय (रु. हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९९५१८ | ४२१२ | १.४० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ३६ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व सङ्केत | राजस्व शीर्षक | आय अनुमान | सङ्कलित रकम |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १,००,०००.०० | २,२५५.६३ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १३,००,०००.०० | १२,१८,१६०.२९ |
| ३ | ११३१७ | वहाल कर | २,०८,०००.०० | २,२८,८३४.०० |
| ४ | ११६९१ | अन्य कर | १,५०,०००.०० | १,७७,००१.२२ |
| ५ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १,५९,९०४.०० | ० |
| ६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | २००.०० |
| ७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ७२५.०० |
| ८ | १४२४२ | नक्सापास दस्तुर | ३,१५,०००.०० | ४५,३०७.०० |
| ९ | १४२४३ | सिफारिश दस्तुर | ११,००,०००.०० | १३,१३,०४६.७५ |
| १० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | १४,८००.०० |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ६,५००.०० |
| १२ | १४२४९ | अन्य दस्तुर | १,५८,०००.०० | २,६०,३२९.२० |
| १३ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८,५९,०००.०० | ५,९३,१६७.०० |
| १४ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | १००.०० |
| १५ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १,१०,०००.०० | ० |
| १६ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २१,५४७.०० |
| १७ | १४५२९ | अन्य राजस्व | ० | १६,४२३.५० |
| १८ | १४६११ | व्यवसाय कर | ० | ५००.०० |
| १९ | १५१११ | बेरुजू | ० | ३,१४,०९३.०० |
| **जम्मा** | | | **४४५९९०४।००** | **४२१२९८९।४६** |

माथिको विवरण अनुसार पालिकाले यस आ. व. मा आन्तरिक राजश्वतर्फ आय अनुमान रु.४४५९९०४।०० गरेकोमा रु.४२१२९८९।४६ अर्थात ९४.४६ प्रतिशत कर तथा गैरकर असुली गरेको देखिन्छ । सुत्र सफ्टवेयरको आयव्यय विवरण र राजश्व संकलन विवरण फरक फरक रहेको, पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।पालिकाको सवै वडामा २०८१ असार मसान्तवाट मात्र सुत्र सफ्टवेयरवाट राजश्व संकलन गरेकोमा त्यसभन्दा अगाडि सफ्टटेक इन्फोसेयस कम्पनिको सफ्टवेयर प्रयोग गर्दा इन्ट्रि भएका डाटालाई व्याकअप गर्दै राजश्वको हिसाव व्यवस्थित गर्नुपर्दछ ।साथै पालिकाले सङ्घीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३७ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५ लाख ९३ हजार कर

सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैनन्।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन।तसर्थ: पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **निकासी कर संकलन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३४५,०७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **मोटर साईकल दर्ता नविकरण थप दस्तुर**

यातायात व्यवस्था ऐन, २०४९ को दफा ३१ (१) मा सवारी दर्ता नवीकरण गर्नुपर्ने म्याद नाघेको ३ महिनाभित्र नवीकरण गराई सक्नुपर्ने साथै ३१ (४) मा म्याद नाघी दर्ता प्रमाणपत्र नवीकरण गर्न आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त एक वर्षसम्मको लागि एक सय प्रतिशत थप दस्तुर लिई नवीकरण गर्ने व्यवस्था छ । पालिकाले १२ वटा मोटर साईकल दर्ता नवीकरण ढिलाई गरेको कारण बिलम्ब दस्तुर समेत तिरेको छ ।केही सवारी २०७४ साल देखि नै नवीकरण नभएको तथा केही सवारी अझै नवीकरण गर्न नसकिएको जानकारी पालिकाबाट प्राप्त भएको छ।विगतमा जिम्मेवार रहेका व्यक्तिबाट उक्त कार्य नभएकाले वर्तमानमा सुधार गरिएको पालिकाले जनाएको छ।कसको कारण महसुल भुक्तानीमा ढिलाई भई थप व्ययभार परेको हो पहिचान गरी सचेत एवम् व्यक्तिगत रुपमा जिम्मेवार बनाउनु पर्दछ।दर्ता नवीकरण ढिलाई गरेको कारण बिलम्ब दस्तुर तिरेको नियमसम्मत नदेखिएको रु....

| **सि नं** | **नम्बर** | **शुल्क रु.** | **थप दस्तु**र रु. |
|---|---|---|---|
| १ | प्रदेश ३ - ०२ - ००१ -ब ०३३० | ४८८००।०० | १२६०८।०० |
| २ | बा २ ब ४७०२ | ३१२२०।०० | ८५५४।०० |
| ३ | प्रदेश ३ - ०२ - ००१ -ब ०३१०८ | १८५००।०० | ४२००।०० |
| ४ | प्रदेश ३ - ०२ - ००१ -ब ०३४० | २८८००।०० | ७०४८।०० |
| ५ | बा २ ब ८०४० | ३८९२०।०० | १२१३२।०० |
| ६ | बा २ ब ८०४३ | ४४४२०।०० | १४४२०।०० |
| ७ | बा २ - ब ८०४५ | ३९९२०।०० | १२१३२।०० |
| ८ | बा -प्र -०२३२- प- ८२९५ | १३७००।०० | २६००।०० |
| ९ | प्रदेश ३- ०२ - ००१- ब ००२८ | २८३००।०० | ७०४८।०० |
| १० | बा प्र -०२०- ००१ - ब २४७६ | ३३४२०।०० | ८६२८।०० |
| ११ | बा -२ -ब -४७०६ | ३८४२०।०० | १२१३२।०० |
| १२ | बा -३- ब- ४६४ | ३८४२०।०० | १२१३२।०० |
| **जम्मा** | | | **११३६३४।००** |

| | |
|---|---|
| अनियमित भएको | १,१३,६३४ |

४० **विद्युत महसुल थप दस्तुर**

विद्युत महसुल सङ्कलन विनियमावली, २०७७ को विनियम ७ (३) मा उपभोक्ताले मिटर गरेको ७ दिनभित्र महसुल बुझाएमा बिल रकमको २ प्रतिशत छुट दिने आठौँ दिनदेखि १५ औं दिनसम्म महसुल बुझाएमा बिल अनुसारको महसुल लाग्ने व्यवस्था छ।साथै विनियम ८(१) मा १६ औं दिनदेखि ३० औं दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत थप महसुल लाग्ने साथै ८ (२) मा ३१ औं दिनदेखि ४० औं दिनसम्म महसुल २५ प्रतिशत थप महसुल लाग्ने व्यवस्था छ।पालिकाले यो वर्ष निम्नानुसार अतिरीक्त महसुल रु ७२१९९।६८ तिरेको पाईयो।कसको कारण महसुल भुक्तानीमा ढिलाई भई थप व्ययभार परेको हो पहिचान गरी सचेत एवम् व्यक्तीगत रुपमा जिम्मेवार वनाउनु पर्दछ।महसुल भुक्तानीमा ढिलाई भई थप व्ययभार परेकोले नियमसम्मत नदेखिएको रु.....

| सि नं | गोश्वारा भौचर नं./मिति | महिना | विल रकम रु. | जरिवाना प्रतिशत | जरिवाना रकम रु. |
|---|---|---|---|---|---|
| १ | १९२/२०८०।७।२३ | भाद्र | ५८५७७।०४ | २५ | १४६४४।२६ |
| २ | | असोज | १८०२८।०० | १० | १८०२।८९ |
| ३ | २१७/१०८०।११।१ | मंसिर | १७५२७।०० | २५ | ४३८१।८० |
| ४ | ३९६/२०८०।११।२१ | असौज | ११७७७।९० | २५ | २९४४।८० |
| ५ | ४००/२०८०।११।२४ | मंसिर | ९९१६।५२ | २५ | २४७९६।१३ |
| ६ | ५१२/२०८१।२।३ | चैत्र | ९१६७५।१८ | २५ | २२९१८।८० |
| ७ | | वैशाख | १४२२०।०० | ५ | ७११।०० |
| **जम्मा** | | | | | **७२१९९।६८** |

| अनियमित भएको | ७२,१९९.६८ |
|---|---|

४१ **रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **११०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४२ **मापदण्ड विपरित भुक्तानी**

४२.१ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

४२.२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित अनुदानमा व्यवस्था भएअनुसार विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानबापत रु.६५००००।०० सम्म दिन सकिने व्यवस्था छ ।यस पालिकाले रालुका माध्यमिक विद्यालय तादी गा.पा.-२, नुवाकोटले विज्ञान प्रयोगशाला निर्माण, स्थापना र सञ्चालनार्थ माइक्रोस्कोप- परिमाण २ थान, टेलिस्कोप- परिमाण ४ थान, अस्थिपञ्जर- परिमाण २, ल्यापटप- परिमाण १ थान, दराज- परिमाण ४ थान, टेबल- परिमाण १०, कुर्सी- परिमाण २० थान लगायत खरिद गर्ने भनी ४२ आइटमको रु.७५००००।०० को सामान खरिदको प्रस्ताव पेश गरेकोमा बील भर्पाइमा टेलिस्कोप स्टान्डर्ड-परिमाण १ थान, बाइनाकुलर- परिमाण १ थान, ल्याब टेबल स्टाण्डर्ड- परिमाण २ थान लगायतको सामान गरी २१६ आइटमको रु.६५००००।०० को बील पेश गरेकोले प्रस्ताव गरेभन्दा फरक सामान खरिद गरी बील पेश गरी भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५०,००० |

४३ **बजेट र कार्यक्रम पास नगरी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **शैक्षिक गुणस्तर**

विद्यालयको शैक्षिक गुणस्तरको मापनको एउटा सूचक एस. ई. ई. परीक्षाको नतिजा पनि हो।पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २०३ विधार्थीको सहभागिता भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **जी.पी.ए.** | **जम्मा विधार्थी** | **उत्तीर्ण विधार्थी संख्या** | | **उत्तीर्ण प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| | | | **संस्थागत** | **सामुदायिक** | **संस्थागत** | **सामुदायिक** |
| १ | ३.६१ - ४.०० | १२ | १० | २ | ४० | १.१२ |
| २ | ३.२१ - ३.६० | २५ | १३ | १२ | ५२ | ६.७ |
| **जम्मा** | | **३७** | **२३** | **१४** | **९२** | **७.८६** |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जी.पी.ए. ल्याउने १२ विधार्थी मध्ये २ जना, ३.२१ - ३.६० जी.पी.ए. ल्याउने २५ विधार्थी मध्ये १२ जना मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ । जसअनुसार उच्च जी. पी. ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको शैक्षिक गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **स्वास्थ्य तर्फ दरवन्दी पदपूर्ती**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाएबमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु. |
|---|---|---|---|---|---|
| अस्पताल | १ | २१ | २१ | १०८०० | १००००००।०० |
| स्वास्थ्य केन्द्र/ चौकी | ५ | २४ | १९ | ११४६७ | १२०००००।०० |
| **जम्मा** | **६** | **४५** | **४०** | **२२२६७** | **२२०००००।००** |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल र ५ स्वास्थ्य केन्द्र/चौकीमा कुल ४५ दरबन्दी रहेकोमा हाल १६ पद स्थायी र २४ पद करारमार्फत समयमै पूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ।

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२१,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४७ **विद्यालय आयुर्वेद तथा शिक्षा कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा वितरण नियमावली, २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नविकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु.१० करोड ७८ लाख ३६ हजार बजेट विनियोजन भएकोमा रु.१० करोड ७४ लाख १९ हजार खर्च भएको देखिन्छ।पालिकाले सफ्टवेयरबाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन, लगत कट्टा समयमै नहुने तथा ढिला लगत कट्टा भएको व्यक्तिको रकम समयमै बैङ्कवाट फिर्ता लिने गरेको नदेखिएकोले लगत अद्यावद्यिक कार्य व्यवस्थित देखिएन।लेखा परीक्षणको क्रममा पालिकाले उपलव्ध गराएको विवरण अनुसार बैङ्कले वितरण नगरी बाँकी रहेको तथा लगत कट्टागरी फिर्ता गर्नुपर्ने देखिएको रु.५११७३२।०० मध्ये रु.४३१४५२।०० अगाडि फिर्ता भएकोले वाँकी रकम रु.८०२८०।०० लेखापरिक्षणको क्रममा फिर्ता भएको छ भने लगत कट्टालाई समयमै गरी निष्कृय खाता लगायत बैङ्कबाट फिर्ता प्राप्त गर्नुपर्ने अन्य रकमका सम्वन्धमा यकिन गरी फिर्ता गर्नुपर्दछ।

४९ **मापदण्ड भन्दा बढी भुक्तानी**

नेपाल सरकार अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७७ को दफा ७.१.१५ मा तालिम, गोष्ठि, सेमिनार तथा अन्तरक्रियाजस्ता कार्यक्रम सञ्चालन खर्चको मापदण्ड तोकिएको छ।पालिकाले निम्नानुसारको कार्यक्रम सञ्चालन गर्दा मापदण्डको पालना नगरी मापदण्ड भन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु..........

| भौचर नंवर | कार्यक्रम | भुक्तानि पाउने | प्रयोजन | शेशन/दिन | भुक्तानी दर | भुक्तानी रकम | पाउने दर | पाउने रकम | बढी करबाहेक |
|---|---|---|---|---|---|---|---|---|---|
| ५७१ | सहकारी copomis | नविन मैनाली | प्रशिक्षण | १२ | ३४०० | ४०८०० | १३०० | १५६०० | १९०८० |
| **जम्मा** | | | | | | | | | **१९०८०** |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,३१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,३१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०८० |

## ५० वितरण प्रकृतिका खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ मा पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक व्यवस्था गरेको देखिन्छ।पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाइ महोत्सव, पर्व, जात्रा, यात्रा, विरामी, सँस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन ।अत यस्ता खर्चहरु न्युनिकरण गर्दै जानु पर्दछ।

| सि नं | गोश्वारा भौचर नं./ मिति | पाउने | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | ३१५/२०८०।११।१ | सुन्दरा बहुउद्देश्य सहकारी संस्था लि | धान दिवस | १५००००।०० |
| २ | ६८५/२०८१।३।२२ | निमा होईसर हेगु गुम्बा निर्माण उपभोक्ता समिति | ल्होसार पर्व तथा प्रवचन | १०००००।०० |
| ३ | ६८६/२०८१।३।२२ | थनेवरी महदेव मन्दिर | साँस्कृतिक मेला | ५००००।०० |
| ४ | २०३/२०८०।८।७ | ईलाका प्रहरी कार्यालय खरानिटार | मोटर साईकल मर्मत | २४२५०।०० |
| **जम्मा** | | | | **३२४२५०।००** |

## ५१ सिक्दै -पढ्दै -कमाउँदै कार्यक्रम

सामुदायिक विद्यालयमा सिक्दै –कमाउँदै, कमाउँदै – सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० को दफा ९ मा कार्यक्रमको चक्रिय कोषको व्यवस्था छ ।उक्त कोषमा अभिभावकबाट प्राप्त रकम, कार्यक्रमबाट प्राप्त आम्दानी, स्थानीय तहबाट प्राप्त रकम ,राष्ट्रिय

अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम जम्मा गर्नुपर्ने, कोषको शीर्षक अनुसार आय व्ययको स्रेस्ता खडा गर्नुपर्ने, कोषको विद्यालयले लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रकृया अनुसार नै लेखापरीक्षण तथा सामाजिक गराउनु पर्ने व्यवस्था छ।साथै दफा १५ मा स्थानीय तहले कार्यक्रमको कार्यान्वियनको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ।यो कार्यक्रम को लागि रु.३०००००।०० विनियोजन भएकोमा अनुदान दिएको छ।पालिकाले उक्त कार्यक्रमको वस्तुस्थिति देखिने गरी अवस्था, समस्या तथा सुधारको लागि सुझाव सहितको प्रतिवेदन तयार नगरेको साथै विद्यालयले कोषको छुट्टै स्रेस्ता खडा गरी लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रकृया अनुसार नै लेखापरीक्षण तथा सामाजिक गराएको देखिएन ।कार्यक्रमको भौतिक तथा वित्तीय प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

## ५२ दुध उत्पादनमा आधारित अनुदान

तादी गाउपालिकाको दुध उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८० को दफा १३ मा दुध उत्पादकलाई प्रोत्साहन रकम उत्पादक किसानले जम्मा गरेको दुधको परिमाणको आधारमा सम्बन्धित साझेदार संस्थाको बैङ्क खातामा पठाउने र उक्त संस्थाले दुध उत्पादक किसानहरुलाई निजहरुले जम्मा गरेको दुधको परिमाणको आधारमा प्रति लिटर रु.५.00 का दरले किसानहरुको बैङ्क खातामा प्रोत्साहन रकम पठाउनु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष ५० जना दुध उत्पादक पशुपालक किसानहरुले जम्मा गरेको ८१२४८।८ लिटर दुधको प्रतिलिटर रु.५।०० का दरले रु.४०६२४४।०० अनुदान दिएको पाईयो ।कार्यविधि अनुसार प्रोत्साहन रकम दुध जम्मा गर्ने किसानको बैङ्क खातामा दिनु पर्नेमा नगदै भरपाई गराई दिएको पाईयो ।कार्यविधिको पालना नहुँदा नगद वितरणमा जोखिम हुने भएकोले कार्यविधिको पालना हुनु पर्दछ ।

## ५३ रैथाने वाली प्रबर्धन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण बाहेक अन्य रु.१ लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ।लागत अनुमान तयार गर्दा हरेक क्रियाकलापको परिमाण दर र कुल लागत उल्लेख गर्नु पर्दछ। पालिकाले यो कार्यक्रम कार्यान्वयन अन्तर्गत चक्लावन्दीमा रैथाने बाली खेती गर्न निम्नानुसार २ वटा किसान समूहलाई बिउमा ८५ प्रतिशत तथा खनजोतमा १०० प्रतिशत अनुदान दिएको छ।किसानले पेश गरेको प्रस्तावमा विस्तृत विवरण नखुलाई मोटामोटी विवरण उल्लेख गरेको देखियो। खेती गरिने जग्गाको क्षेत्रफल, आईटम अनुसार परिमाण दर र कुल लागत, कति क्षेत्रफलको लागि कति गोरु, खेताला, बिउ लाग्ने हो, सोको मापदण्ड र प्रतिईकाई क्षेत्रफल लागत उल्लेख गरेको देखिएन । वस्तुनिष्ठ आधार र लागत अनुमानका तयार गरी सोका आधारमा अनुदान रकम उपलब्ध गराउनु पर्दछ।

| सि. नं | अनुदान पाउने | कुल खर्च | अनुदान रकम रु |
|---|---|---|---|
| १ | हिले पशुपन्छी तथा पशुपालन समुह | ३६३३५५।०० | २४२५००।०० |
| २ | वागमारा भंगेरी कृषि तथा पशुपालन समुह | ३५९६३०।०० | २४२५००।०० |

## ५४ टुक्रे खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा ९ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद टुक्राउन नहुने उल्लेख रहेको छ । त्यसैगरी सोही ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । खरिद योजना र खरिद प्याकेज सम्बन्धमा खरिद योजना बनाई आइटम अनुसार प्याकेजहरु छुट्टाइ खरिद गर्नुपर्ने रहेको छ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु.१० लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्नेमा सो नगरी पालिकाले विभिन्न समयमा ४ वटा मोटरसाइकल सोझै तथा टुक्रे खरिद गरेको देखियो।यस पालिकाले सार्वजनिक खरिद ऐन र नियमको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट मालसामान खरिद गर्नुपर्दछ।

| गौ.भौ.नं र मिति | सामानको किसिम | खर्च रकम | सप्लायर्स |
|---|---|---|---|
| ५।०८०।८।११ | मोटरसाइकल खरिद | ७४९९००।०० | इकिमा इन्टरप्राइजेज प्रा.लि. |
| ६५।०८१।१।१७ | मोटरसाइकल खरिद | ६३९९९९।०० | हंसराज हुलासचन्द एण्ड कं.प्रा.लि. |

५५ **परामर्श तथा डिपिआर खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा परामर्श सेवा खरिद गर्दा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ ।पालिकाले दिएको विवरण अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई रकम खर्च गरेको उपयुक्त देखिएन । पालिकाले यस्तो कार्य गर्दा सम्भव भएसम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम मितव्ययिता कायम गर्दै परामर्श सेवाको प्रतिवेदनलाई व्यवस्थित अभिलेखाङ्कन गरी कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | MTEF निर्माण | MaipokhariStudies &Cons. P.Ltd. | ४९९९९०।०० | २८२५००।०० | ५६.५८ | सोझै |
| **जम्मा** | | | **४९९९९०।००** | **२८२५००।००** | | |

| क्र.स. | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वियन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०८०।८१ | Hiring Consultant For Detailed Engineering Survey, Design and Preparation of Detailed Project Reports (DPR) of Kharanitar Dandagaun Tutung Dorkhupul Kalche Gairikharka Rauchuli Gosaikunda Road | Leonardo Engineering Consultancy Pvt.Ltd. | ४९८२४०।०० | कार्यान्वियनमा गएको |
| **जम्मा** | | | | **४९८२४०।००** | |

५६ **करार सेवा शुल्क**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ।त्यसै गरी सोही ऐनको स्थानीय दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १६(१) स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ।तर पालिकाले पेश गरेको विवरण अनुसार करारमा ४१ जना भर्ना गरी करार सेवा शुल्कमा रु.१ करोड ६५ लाख खर्च लेखेको छ।अत: नियममा भएको व्यवस्था बमोजिम रिक्त पदपूर्तीमा स्थायी पदपुर्ती गर्नेतर्फ पालिकाको ध्यान जान जरुरी देखिन्छ।कार्यबोजका आधारमा व्यवस्थापन सर्भेक्षण (O&M) गरी कानूनबमोजिम पारदर्शी हिसाबले मात्र कर्मचारी नियुक्त गर्नुपर्नेमा सो कानूनमा भएको व्यवस्था पालना नगरी करारमा राख्नु उचित देखिएन ।

| गाउँपालिकातर्फको सेवा करार तर्फको कर्मचारीहरु | | | |
|---|---|---|---|
| **सि.नं.** | **नाम थर** | **पद** | **तलबको स्रोत** |
| १ | सन्तु लामा | इन्जिनियर | गा पा |
| २ | प्रदिप रिमाल | स.क.अ | गा पा |
| ३ | राजेश श्रेष्ठ | स.क.अ | गा पा |
| ४ | कृतिका भण्डारी | ना.प्रा.स | गा पा |
| ५ | विष्णु भण्डारी | माटो परीक्षक | ज्यालादारी |
| ६ | उपेन्द्र कुमाल | अमिन | गा पा |
| ७ | डिल्बु दोर्जे तामाङ | ना.प्रा.स | गा पा |
| ८ | प्रकाश कडेल | का.स | गा पा |
| ९ | नारायण बानिया | का.स | गा पा |
| १० | दिपेन्द्र उप्रेति | का.स | गा पा |
| ११ | शोभा चौलागाई | का.स | गा पा |
| १२ | मिरा उप्रेति | का.स | ज्यालादारी |
| १३ | पातली तामाङ | सहयोगी | गा पा |
| १४ | नारायण कुफि कुस्ले | का.स | गा पा |
| १५ | चित्र वहादुर तामाङ | स.क.अ | गा पा |
| १६ | भावना खनाल | स.क.अ | गा पा |
| १७ | चन्दीका दाहाल | स.क.अ | गा पा |
| १८ | राजेन्द्र पाठक | स.क.अ | गा पा |
| १९ | सुमिक्षा तामाङ | स.क.अ | गा पा |
| २० | रामचन्द्र खनाल | स.क.अ | गा पा |
| २१ | पदम वहादुर थापा | का.स | गा पा |
| २२ | गंगा अधिकारी | का.स | गा पा |
| २३ | समिर खनाल | का.स | गा पा |
| २४ | दिल वहादुर तामाङ | ह.स.चा | गा पा |
| २५ | सविन अधिकारी | ह.स.चा | गा पा |
| २६ | शोभा न्यौपाने | का.स | गा पा |
| २७ | अस्विन खनाल | हे अ | गा पा |
| २८ | मोहन उप्रेति | अ.हे.व | गा पा |
| २९ | आसमा कुमारी चौधरी | नेत्र सहायक | गा पा आँखा केन्द्र |
| | | | |

| | | | |
|---|---|---|---|
| ३० | सविना तामाङ | चस्मा फिटर | गा पा |
| ३१ | वासना उप्रेति | अ.न.मी. | गा पा |
| ३२ | सन्तोषि शिवभक्ति | का.स | गा पा |
| ३३ | संजिव श्रेष्ठ | का.स. | गा पा |
| ३४ | सविता श्रेष्ठ | का.स. | गा पा |
| ३५ | राज कुमार ढकाल | अ.हे.व | गा पा |
| ३६ | प्रिया तामाङ | का.स | गा पा |
| ३७ | सावित्रा बराम | हे अ | गा पा |
| ३८ | गिता पण्डित खनाल | का.स | गा पा |
| ३९ | रसिना भण्डारी | ल्या.अ | गा पा |
| ४० | उमेश तामाङ | एम्बुलेन्स चालक | गा पा |
| ४१ | कुमार जंग उप्रेती | एम्बुलेन्स चालक | गा पा |

५७ **बढी रकम भुक्तानी** (१९९-२०८१-२-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **सम्बन्धित शीर्षकबाट खर्च लेखिनु पर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३८ (२) (क) अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षक अनुसार खर्च गनुपर्ने व्यवस्था छ।त्यस्तै महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ को ढाँचा अनुसार खर्च लेख्नुपर्दछ ।यस पालिकाले देहायको खर्च लेख्दा सम्बन्धित शीर्षकबाट खर्च नलेखेको रकम रु.४९८६९३।०० नियमसम्मत नदेखिएको रु..

| गो.भौ.नं.।मिति | भुक्तानी विवरण | भुक्तानी रकम रु. | खर्च लेखिएको शीर्षक |
|---|---|---|---|
| ३७।२०८०।०९।२२ | घरभाडाबापत | १७२७५४।00 | २११११-पारिश्रमिक कर्मचारी |
| ४६।२०८०।१०।२६ | घरभाडाबापत | ८८००।०० | २११११-पारिश्रमिक कर्मचारी |
| ८९।२०८१।०१।१० | घरभाडाबापत | ६६००।०० | २११११-पारिश्रमिक कर्मचारी |
| ९६।२०८१।०१।१८ | अनुगमन मूल्याङ्कनबापत | ११०००।०० | २२३११-मसलन्द तथा कार्यालय सामाग्री |
| १०६।२०८१।०१।२६ | घर भाडाबापत | ४७५००।०० | २११११-पारिश्रमिक कर्मचारी |
| १०७।२०८१।०२।०३ | अनुगमन मूल्याङ्कन, इन्धन, सञ्चारबापत भुक्तानी | ९४९४५।०० | २११११-पारिश्रमिक कर्मचारी |
| १३२।२०८१।०३।०४ | घर भाडाबापत | ५४८९४।०० | २११११-पारिश्रमिक कर्मचारी |
| १४७।२०८१।०३।१३ | अनुगमन मूल्याङ्कनबापत | ११०००।०० | २२३११-मसलन्द तथा कार्यालय सामाग्री |
| १६७।२०८१।०३।१६ | घरभाडाबापत | ९१२००।०० | २११११-पारिश्रमिक कर्मचारी |
| **जम्मा रकम** | | **४९८६९३।००** | |

| अनियमित भएको | ४,९८,६९३ |
|---|---|

५९ **रिपोर्टिङ्ग खर्च** (२४ र १४५-):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६० **कम संख्यामा तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२९,४३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६१ **रुम टु रिड कार्यक्रम**

पढ्नको लागि कोठा कार्यक्रम कार्यान्वयनको लागि ग्रामिण विकास तथा सशक्तीकरण केन्द्र रुडेक (RUDEC) नेपाल, पढ्नको लागि कोठा कार्यक्रम र तादी गाँउपालिका बीच २०७९।१२।२४ मा त्रिपक्षीय समझदारीमा हस्ताक्षर भएको थियो । पालिका र रुडेक नेपालको संयुक्त लागत साझेदारीमा सुन्दरा मा. वि., टुटुङ आ. वि., चिलाउने आ. वि., राजमति आ. वि. र मङ्गलेश्वरी आ. वि. गरी छनौट भएका पाँच वटा विद्यालयमा कक्षा १ ,२ र ३ मा पढिरहेका विद्यार्थिको साक्षरता प्रयोजन फर्निचर एवं फर्निसिङ पालिकाबाट तथा पुस्तकालय सामान तथा प्राविधिक सहायता तथा शिक्षकको क्षमता विकास तालिम रुडेकबाट गर्ने गरी कार्यक्रम तय भएकोमा कार्यक्रमको लागि पालिकातर्फ आ. व. २०७९।८० मा लागि प्रति विद्यालय रु. ३९००४२।०० का दरले रु.१९५०२१०।००को लागत अनुमान भएको छ।२०७९।८० पहिलो वर्ष सम्झौता अनुसार पालिकाबाट रु.१८६१६७।०० का दरले रु.९३०८३५।०० अनुदान जानु पर्नेमा रु.३०००००।०० अनुदान रकम २०८०।८१ मा भुक्तानी भएको पाईयो।आ. व. २०८०।८१ मा पालिकाले अनुदान नपठाएको रुडेक नेपालले मात्र आफ्नोतर्फको काम पुस्तकालय सामान तथा प्राविधिक सहायता तथा शिक्षकको क्षमता विकास तालिमको काम गरेको रुडेक प्रतिनिधीको भनाई रहेको छ।पालिकाले सम्झौता अनुसारको दायित्व पूरा गरेको देखिएन।दुवैतर्फको एकीकृत लागत अनुमान तयार गरी हालसम्म सम्पन्न र बाँकी कामको प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

६२ **भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रीत पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ । वडा नंबर २ को कार्यक्रमअन्तर्गत कालिका बुक्स एण्ड सप्लायरबाट खरिद गरेको रु.१४८७८१।५० मूल्य बराबरका ४ किसिमका ४३ थान खेल सामान तथा खेल पोशाक वितरण गरेको भर्पाई पेश भएन, पेश नहुँदा के प्रयोजनका लागि खरिद गरियो र कसलाई दिइयो? जानकारी नहुने भएको हुँदा भर्पाई पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,७८१.५ |

६३ **खेलकुद विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ।खेलकुद प्रतियोगिता व्यवस्थित रुपमा सञ्चालन गर्न रित प्रकृयाको रुपमा खेल सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधीको व्यवस्था र पालना हुनु पर्दछ ।मापदण्ड र कार्यविधिका पालना गरी लागत अनुमान तथा खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेल सम्पन्न प्रतियोगिता तयार गरी स्वीकृत गराउनु पर्दछ ।कार्यालयले खेलकुद प्रतियोगिता सञ्चालन प्रकृया तथा खर्चका मापदण्डहरु तयार गरेको छैन।मापदण्ड तथा कार्यविधिका आधारमा प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागी छनोट तथा बन्द प्रशिक्षण संलग्न मेडिकल स्वयंसेवक टिम, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तराष्ट्रिय निर्णायक (अम्पायर) राष्ट्रिय अन्तराष्ट्रिय रेफ्री स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुवधिको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन।प्रशिक्षक भत्ता, एम्पाएर रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता, यातायात खर्च, खाना खाजा होटेलबास खर्च, खेलाडी खुराक पोशाक, प्राथमिक उपचार, संलग्न टोलीको दैनिक भत्ता आदि बापत फरक-फरक दरमा खर्च भएको पाईयो।खेलकुद प्रतियोगिता सञ्चालन प्रस्तावना, छनोट प्रतियोगिता सञ्चालन, बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तीलाई उपलब्ध गराउने सेवा सुविधा आधार, मापदण्ड, कार्यविधि सुविधाबापत दिने खर्चका आधार तयार गर्नु पर्दछ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

| सि नं | भौचर नंबर | खेलकुद प्रतियोगिता | स्थान/आयोजक | खर्च रकम |
|---|---|---|---|---|
| १ | ५१९/२०८०।५।१९ | विदुर मेयर कप खेलकुद प्रतियोगिता | विदुर नगरपालिका | ८०३२००।०० |
| २ | ५२०/२०८१।२।४ | दुप्चेश्वर अध्यक्षकप भलिवल प्रतियोगिता | दुप्चेश्वर | ६५९३३०।०० |
| ३ | ५४१/२०८१२।१७ | प्रदेश स्तरिय अन्तरपालिका पुरुष भलिवल प्रतियोगिता | म्यागङ र दुप्चेश्वर | २७४०६०।०० |
| ४ | ५३९/२०८१।२।१७ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | तादी गाउपालिका | २९३३७३।०० |
| ५ | | गाउपालिका स्तरिय महिला भलिवल | तादी गाउपालिका | ३२४८९५।०० |
| **जम्मा** | | | | **२३५४८५८।००** |

६४ **कन्टिन्जेन्सी खर्च**

निर्माणकार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ ।उक्त अनुसूचीमा निर्माण लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ।पालिकाले दिएको विवरण अनुसार यस वर्ष कन्टिन्जेन्सीबापत रु.४ लाख ८८ हजार खर्च गरेको छ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका,

२०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवम् योजनाअनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

| **खर्च शीर्षक नं** | **खर्च शीर्षक** | **खर्च रकम** |
|---|---|---|
| २२२११ | ईन्धन पदाधिकारी | १०००००।०० |
| २२२१३ | सवारी साधन मर्मत | ६४६६५।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३८२५०।०० |
| २२६१२ | भ्रमण खर्च | ८५२५०।०० |
| २२७११ | विविध खर्च | २०००००।०० |
| **जम्मा खर्च** | | **४८८१६५।००** |

६५ **नपाउने अनुगमन भत्ता** (७१८-२०८१-३-२४):

प्रदेशबाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ मा पदाधिकारीहरुलाई अनुगमन भत्ता शीर्षकबाट जनप्रतिनिधिहरुलाई भत्ता दिने व्यवस्था देखिदैन ।साथै बिगत आ.व.को महालेखापरीक्षकको प्रतिवेदनमा समेत असुल गर्नुपर्ने भनी औँल्याएकोमा यस वर्ष ३९ जनाको लागि रु.५०३०००।०० अनुगमन माग दाबी भएकोमा यसमा नियन्त्रण गरी २०८१ ।३।२४ को अध्यक्षस्तरिय निर्णय अनुसार उपाध्यक्ष समेत ३ जनाको माग दाबीमध्ये दामासाहीले आंशिक रुपमा रु.९५०००।०० अनुगमन भत्ता दिएको पाईयो।अनुगमन भत्ता वितरणमा सुधार भई नियन्त्रण देखिएता पनि पूर्णरुपमा नियन्त्रण भएको नपाईएकोले नियमसम्मत नदेखिएको रु......

| अनियमित भएको | ९५,००० |
|---|---|

६६ **प्रमाण कागजात**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७४३,६५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६७ **अन्य निकायको खर्च**

नेपाल सरकारको विनियोजन ऐन मार्फत नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।थप रकम नपुग भएमा तालुक निकायसँग नै माग गर्नसक्ने व्यवस्था पनि रहेको छ, तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य बजेटरी निकायका लागि गरेको खर्च नियमसम्मत नदेखिएको रु.....

| **गो. भौ. नं. र मिति** | **कार्यालय** | **कार्य** | **रकम** |
|---|---|---|---|
| १०३।२०८१।२।२१ | इलाका प्रहरी कार्यालय, खरानीटार | कम्पाउण्डवाल तारजालि निर्माणको भुक्तानी | २८५३९७।०० |
| ११८।२०८१।२।१८ | जिल्ला अदालत कार्यालय | भवन समुदघाटनको टेन्टको भुक्तानी | १०००००।०० |

| अनियमित भएको | ३,८५,३९७ |
|---|---|

६८ **दाखिला प्रतिवेदन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३९६,०३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६९ **निर्माण व्यवसायिको विल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रक्याक्टरबाट गराउन सकिने छैन।पालिका तथा वडाले विभिन्न सडक तथा पहिरो सरसफाई कार्य गर्न उपभोक्ता समितिलाई दिएकोमा निर्माण व्यवसायिको एकमुष्ट विल राखि भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.....

| **गोभौनं./मिति** | **काम** | **उपभोक्ता समितिको नाम** | **विल पेश गरेको निर्माण व्यवसायिको नाम** | **भुक्तानी रकम** | **कन्स्ट्रक्सनको विल रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ३१।०८०।११।२१ | तादी १मोटर वाटो माला भन्ज्याङ्ग आहाल डाँडा फर्मसम्म मोटर वाटो सरसफाइ१ | तादि१मोटर वाटो माला भन्ज्याङ्ग आहाल डाँडा फर्मसम्म मोटर वाटो सरसफाइ उ. स. | रोज कन्स्ट्रकस्न | ६५५१७०।०० | ६०५६८१।०० | स्क्याभेटर ठुलो मेसीन |
| ५१।०८०।१२।१९ | साविक उर्लेनी वेसी र देउता खर्क जोड्ने नयाँ ट्र्याक निर्माण | साविक उर्लेनी वेसी र देउता खर्क जोड्ने नयाँ ट्र्याक निर्माण उ. स. | कुमारी माई निर्माण सेवा | ६७२०००।०० | ६५०३७०।०० | स्क्याभेटर लगाएको |

यसरी उपभोक्ता समितिसँग सम्झौता गरेको काम विना प्रतिस्पर्धा निर्माण व्यवसायीबाट हुने र भुक्तानी हुने अवस्थाले घुमाउरो तरिकाले विना प्रतिस्पर्धा निर्माण व्यवसायीले भुक्तानी प्राप्त गर्ने देखिन्छ।यस्तो अवस्थाले उपभोक्ताको योगदानको मर्म विपरीत कार्य हुने तथा प्रतिस्पर्धा सङ्कुचित हुने हुनाले यस्तो प्रवृत्तिमा सुधार हुनु पर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१९२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **८३२,९०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | १२,५६,०५१ |
|---|---|

७० **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम २ र ३ मा उपभोक्ता समितिवाट कार्य गराउँदा उपभोक्ता समितिसँगको सम्झौतामा कामको प्रकृति, परिमाण, लाग्ने रकम र उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम पनि सम्झौतामा खुलाउनुपर्ने उल्लेख छ र नियम ४ मा निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । लेखा परीक्षणको क्रममा निम्न फायल परिक्षण गर्दा पालिकाले

प्रकोप व्यवस्थापनवाट खर्च हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्दा सम्झौतामा उपभोक्ता समितिले व्यहोर्ने रकम समावेश नगरी लागत इष्टिमेट तयार गरी सोहि वमोजिम भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.....

| गो. भौ. नं./मिति | उपभोक्ता समिति | काम | इष्टिमेट रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२।०८०।०८।१२ | तादि ३,१ जोड्ने खरानीटार डाँडागाउँ उर्लेनी सडक उ. स. | तादि ३,१ जोड्ने खरानीटार डाँडागाउँ उर्लेनी सडक निर्माण | ६५४७५९।०० | ५५७८९२।०० |
| २१।०८०।७।१७ | स्याङ्चेत बाटो अन्तर्गत गौउडा खोल्चा संरक्षण उ.स. | स्याङ्चेत बाटो अन्तर्गत गौउडा खोल्चा संरक्षण | ३५८९८८।०० | ३५६३७६।०० |

| | |
|---|---|
| अनियमित भएको | ९,१४,२६८ |

७१ **जटिल संरचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १९।०८०।११।४ | गैरीगाउँ स्वास्थ्य चौकी स्तरउन्नती | स्वास्थ्य चौकी स्तरउन्नती | ४६८३७३।०० |
| १५९।०८१।३।१३ | सातविसे तामाङ गुम्बा | तामाङ गुम्वा भवन निर्माण | १४४००००।०० |

७२ **अनुगमन मूल्याङ्कन खर्च**

स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न,२०७८ को २.६.१२ मा आवधिक योजना, नीति तथा कार्यक्रमले लिएको लक्ष्य ,उद्वेश्य तथा अपेक्षित प्रतिफल हासिल हुनेगरी बजेट खर्च भए नभएको सम्बन्धमा स्थानीय तहले आफुले सञ्चालन गरेका योजना तथा कार्यक्रममा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।त्यस्तै भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च गर्नुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ।पालिकामा यस आ. व. मा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि रु.२ लाख ४५ हजार बजेट विनियोजन गरेकोमा रु.३९ हजार र भ्रमण खर्चमा रु.२४ लाख ९० हजार बजेट विनियोजन भएकोमा रु.२४ लाख ६७ हजार खर्च भएको देखिन्छ।पालिकाले योजनाहरुमा अनुगमन गर्दा यथार्थपरक सूचक तयार नगरेको, विज्ञ समूह संलग्न नगराएको तथा अनुगमन प्रतिवेदन संलग्न नभएको देखिन्छ ।त्यस्तै भ्रमण खर्च गरेको खर्च सम्बन्धी केही भौचर नमूना परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलब्धि मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ।उद्वेश्य अनुरुप खर्च प्रणालीलाई व्यवस्थित गर्न तथा मूल्याङ्कन पद्धतिबाट आगामी कार्यक्रम कार्यान्वयनमा सुधार गर्न अनुगमन तथा मूल्याङ्कनका विभिन्न औजारहरु उपयोग गर्नुपर्ने उल्लेख छ।

७३ **अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,७५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **रबरबोर्ट खरिद**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **पदाधिकारी इन्धन सुविधा**

बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७६ गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई सवारी साधन उपलव्ध भए डिजेल/पेट्रोल मासिक ८०/८० लिटरसम्म सुविधा पाउने व्यवस्था रहेकोमा तादी गाउँकार्यपालिका बैठकबाट थप १००/१०० लिटर इन्धन उपलव्ध गराउने निर्णय गरेकोमा इन्धन पदाधिकारी शीर्षकमा रु.३५००००।०० बजेट व्यवस्था भएकोमा २०८०।११।२७ सम्म खर्च भइ पुन: थप इन्धनका लागि कन्टिनजेन्सिबाट मिति २०८०।१२।१ मा गौ.भौ.नं. ३४ र ३५ बाट रु.५००००/५०००० पेश्की दिई खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु..................

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

७६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही पुष्ट्याई हुने प्रमाण तथा औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष खाना तथा विविधतर्फ रु.३१ लाख ५८ हजार विनियोजन गरेकोमा रु.३० लाख खर्च गरेको विवरण पेश गरेको छ।खर्चमध्ये सभा सञ्चालनतर्फ रु.२५३४९०.00 खर्च गरेको पाइयो ।आन्तरिक आय रु.४२ लाख १२ रहेकोमा सोसँग तादाम्यता हुने गरी भत्ता वितरण गर्नुपर्नेमा सो गरेको देखिएन।विविध खाजा खाना खर्चका बिलभर्पाईसँग भिडान हुने गरी उपस्थिति संलगन गर्नुपर्नेमा कतिपयमा सो गरेको देखिदैन।उपस्थिती र खर्च गर्दा आगन्तुक, अथिति, कार्यक्रममा सहभागी तथा बैठकमा उपस्थित संख्यासँग तादाम्यता हुने गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।प्रयोजन र उपस्थिती बेगरका खर्चमा नियन्त्रण पर्दछ।

७७ **शीत भण्डार**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।योजना सम्पन्न गर्न लाग्ने अवधि समायवधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात योजना सञ्चालन गरिनुपर्दछ। पालिकाले दिएको विवरण अनुसार पालिकामा शीत भण्डार निर्माणका लागि आ.व ०७६।०७७ मा रु.३००००००।०० को बोलपत्र आव्हान भई मिति २०७७।०३।०९ मा सम्झौता भई मिति २०७७।३।३० मा सम्पन्न गर्ने गरी शीत भण्डार निर्माण कार्य सुरु भएकोमा हालसम्म रु.१०५९०४९५।१५ लागत अनुमान कायम भई रु.४३२९४०६।७१ खर्च भएको र ३१.०४ प्रतिशत वित्तीय प्रगति तथा ४४.८० प्रतिशत भौतिक प्रगति भएको विवरण पेश गरेको छ।कोरोनाको कारण सम्झौतामा ढिलाई, सम्झौता भई कार्य सम्पन्न गर्ने समयको अभाव, बजेट फ्रिज र सो पश्चात वजेट स्रोत सुनिश्चित नभएको कारणले समयमा कार्य सम्पन्न गर्न नसकिएको कार्यालयले जनाएको छ।योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने शीतभण्डार निर्माण कार्य अलपत्र अवस्थामा समेत रहेको छ।तसर्थ: योजना सञ्चालन गर्दा सञ्चालित योजना तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुनेगरी कार्यक्रम सञ्चालन

गर्न योजना सम्पन्न गर्ने अवधि, कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण गरी बजेटको स्रोत सुनिश्चित भए पश्चात मात्र योजना सञ्चालन गर्नेतर्फ ध्यान जानु जरुरी देखिन्छ ।

## ७८ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १२६ | ८ | ६३४५१०१९।०० | ११८ | ३१०५००००।०० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका १२६ योजनामा मध्ये ठेक्का मार्फत 8 वटा योजनामा रु.६३४५१०१९।०० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ११८ योजनामा रु.३१०५००००।०० खर्च गरेको छ।योजनामा भएको खर्च मध्ये ६७ प्रतिशत ठेक्का प्रक्रिया र ३३ प्रतिशत रकम उपभोक्ता समिति मार्फत खर्च गरेको देखिन्छ।पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवम् व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ७९ सरकारी विज्ञापन वापतको भुक्तानीमा कर कट्टी

विज्ञापन नियमन गर्ने एन २०७६को दफा २१(२) ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को ६(क) तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७९।५।७ को परिपत्रमा सबै सरकारी विज्ञापनबापत भुक्तानी हुने रकममा ऐनको दफा २१ (ख) बमोजिम तीन प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाको बखत नै कट्टा गरी विज्ञापन बोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board] मा नियमित रुपमा पठाउनु पर्ने निर्देशन गरेको छ।पालिकाले निम्नानुसार विज्ञापन भुक्तानीमा कर रकम कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नम्बर ००१२०१०५२०००३७[office of the Advertisement Board]मा नियमित रुपमा पठाएको नदेखिएकोले कानुनको पालना गरी सम्बन्धितबाट असुल हुनु पर्ने रु....

| सि. नं. | गोश्वारा भौचर नम्बर/मिति | सूचना सम्प्रेषण गर्ने | विषय | बिल रकम | दस्तुर रकम |
|---|---|---|---|---|---|
| १ | ७०३/२०८१।३।२४ | सुखद मिडिया प्रा ली | सूचना सन्देश | २००००।०० | ६००।०० |
| २ | | उत्तर गया मिडिया प्रा लि | सूचना सन्देश | २००००।०० | ६००।०० |
| ३ | | दुप्चेश्वर मिडिया प्रा लि | कृषि अनुदान | २००००।०० | ६००।०० |
| ४ | | | सूचना मुलक सन्देश | २००००।।०० | ६००।०० |
| ५ | | मखमली मिडिया प्रा ली | विज्ञापन | २००००।०० | ६००।० |
| ६ | | भैरवी मिडिया | प्रा. लि. | २००००।०० | ६००।०० |
| **जम्मा** | | | | | **३६००।००** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **९०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०० |

८० **दुर्घटना विमा**

२४२/२०८०।९।४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने तथा लेखा राख्दा लेखा प्रमाणीत गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने उल्लेख छ।कार्यालयले १४७ जना कर्मचारी जनप्रतिनिधीहरुका २०८०।९।४ देखि २०८१।९ ।३ सम्मको लागि जनही रु.२७२१।३६ कादरले रु.४०००००।०० प्रिमियम तिरेर सूर्यज्योति लाइफ ईन्सुरेन्स कम्पनीबाट विमा गराएको खर्च लेखाङ्कन गरेको छ।यस्तो विमा सम्बन्धित आर्थिक वर्षको लागि गर्नुपर्नेमा अर्को आर्थिक वर्षको थप ६ महिना सम्मको लागि समेत गरेको पाईयो ।स्रेस्ताका साथ विमा कम्पनीको प्रिमियमको कर बीजक सम्लग्न नरहेको साथै अग्रिम कर समेत कट्टा गरेको पाइएन ।तसर्थ: कर बीजकका साथ अग्रिम कर रु.६०००.00 असुल गरी दाखिला हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

८१ **नमुना विद्यालय अनुदान**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा ९ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद टुक्राउन नहुने उल्लेख रहेको छ।त्यसैगरी सोही ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ भनी उल्लेख छ।सङ्घीय सशर्त अनुदान अन्तर्गत शिक्षातर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०।८१ को क्रियाकलाप नं. ११.१.२.२५०० केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदानबापत अनुसूची १० को खण्ड ग र घ मा पर्ने प्रति विद्यालय १ करोड रकम सम्बन्धित स्थानीय तहमार्फत तीन किस्तामा प्रगतिको आधारमा विद्यालयलाई निकासा हुने गरी व्यवस्था गरिएको छ।कार्यविधिमा विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरी कार्य सञ्चालन गर्नुपर्ने उल्लेख छ।केन्द्रबाट २०७६।७७ मा छनौट भएको नमुना विद्यालय अमर ज्योति माध्यमिक विद्यालयलाई यस वर्ष प्राप्त कुल अनुदान मध्ये रु.८०५९१२४।२५ को मात्र लागत अनुमान तयार गरी सोबाट ठेक्का

लगाउने र बाँकी रकमबाट टुक्रे खरिद गर्ने गरी कार्यक्रम बनाई सोही बमोजिम खरिद कार्य गरेको नियमसम्मत मान्न सकिएन।आगामी दिनमा यस्तो कार्य गर्न पालिकाले नियन्त्रण गर्नुपर्दछ।

कार्यविधिको क्रियाकलाप २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतको उपक्रियाकलाप नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान अन्तर्गत उक्त विद्यालयका लागि रु.३० लाख अनुदान प्राप्त भएकोमा गुरुयोजनामा उल्लेख भएबमोजिम राम्रो विद्यालयहरुको अवलोकन भ्रमण कार्यक्रम गरी कुल रु.५००००० l00 खर्च गरेकोमा यस्तो प्रकृतिको खर्चबाट ठोस उपलब्धि केही नदेखिने हुनाले उक्त खर्चबाट विद्यालयको गुणस्तरमा के कति सुधार भयो भन्ने सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन बनाउनुपर्ने देखिन्छ ।

## ८२ स्यानिटरी प्याड

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ बमोजिम मालसामान खरिदसम्बन्धी कारवाही सुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले सम्बन्धित शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ।मागमा मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्धी विवरण, मालसामान आवश्यक पर्ने समय खुलाउनु पर्ने सो नियमको उपनियम (२) मा उल्लेख छ।स्थलगत अवलोकनका क्रममा विज्ञान मा. वि.मा स्यानिटरी प्याडको प्रयोगको अवस्था अवलोकन गर्दा विगत गत आ. व. मा खरिद भई प्रयोग भैनसकेको म्याद गुज्रिएको प्याड उल्लेख्य सङ्ख्यामा मौज्दात नै रहेको देखियो।गत विगतको मौज्दात सम्बन्धमा विद्यालयमा यथार्थ विवरण माग गर्दा सो प्राप्त हुन सकेन भने यस आ. व. मा भएको खपतको समेत पूर्ण विवरण अद्यावधिक रहेको पाइएन।यसरी आवश्यकता भन्दा बढी स्यानिटरी प्याड खरिद गरी उपयोगविहिन बनाएको अनियमित देखिएकोले यस सम्बन्धमा सम्बन्धित निकायबाट नियमित अनुगमन हुनुपर्ने देखिन्छ।

## ८३ निर्मित संरचना क्षति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण वा सेवा खरिद गर्नु अघि उक्त खरिदको स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्ने तथा यसरी तयार भएको विवरण नियम १४ बमोजिमको अधिकारीबाट स्वीकृत हुनुपर्ने उल्लेख छ।पालिकाको प्रदेशबाट हस्तान्तरित कार्यक्रम मध्येको एक च्यानडाँडा कटरबोट डाँडाको पाटो मौरीथुम सडक स्तरोन्नति योजना (ठेक्का नं. TRM/W/R/080/81-4) का लागि रु.२ करोड बजेट विनियोजन भई मिति २०८०।९।१८ मा बिकेश / रेहान जे भी सँग रु.१६७११७८३।६० को सम्झौता भएको देखिन्छ। उक्त सम्झौताबमोजिमको काम सम्पन्न भई २०८१।२।२२ मा अन्तिम भुक्तानी समेत भईसकेको देखिन्छ।उक्त योजनाको स्थलगत परीक्षण गर्दा चेनेज नं २+००० (RP Banchare) भन्ने स्थानमा निर्माण गरिएको ५० मिटर आर. सी. सी. ढलान अविरल वर्षाका कारण भू-क्षय भई चर्किएर भास्सिएको र उक्त स्थानमा निर्मित सम्पूर्ण संरचनाको क्षति भएको देखियो ।सो योजना निर्माण गर्नु अघि feasibility study नगरेको तथा २०७८।७९ मा तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन डी. पी. आर. मा उक्त योजनाको उपयुक्तता सम्बन्धमा केही विषय उल्लेख नगरेको प्राविधिकबाट जानकारी प्राप्त भएको छ।मिति २०७८।१०।२४ मा सम्पन्न भई पेश भएको डी. पी. आर. मा उक्त सडकको लागत अनुमान तयार गर्दा सर्भे तथा डिजाइन समेत गरिएको छ।यसर्थ: उक्त स्थानको लागि के कस्तो संरचना कति परिमाणमा निर्माण हुनुपर्ने सो सम्बन्धमा डी. पी. आर. मा उल्लेख भएको हुनुपर्ने देखिन्छ।पेश भएको सम्झौताको बी. ओ. क्यू. बमोजिम उक्त क्षतिको मूल्याङ्कन लगभग रु.७ लाख ८ हजार हुन आउँछ।तर उक्त संरचना निर्माण गरिएको कारण उक्त स्थानमा भएको अन्य क्षतिको मूल्याङ्कन भएको पाइएन।उक्त निर्माणको क्षति भवितव्य हो वा निर्माण व्यवसायी/परामर्शदाताको लापरबाहीका कारण सो क्षति हुन गयो भन्ने सम्बन्धमा आवश्यक अध्ययन गरी दोषीलाई जिम्मेवार बनाई आवश्यक कारबाही गर्न तथा भत्किएको संरचना वातावरणीय हिसाबले दिगो हुने गरी पुनः निर्माण गर्न पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

## ८४ विद्यालयमा प्रयोगशालाको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ बमोजिम मालसामान खरिद सम्बन्धी कारबाही शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले सम्बन्धित शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ।मागमा मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्धी विवरण, मालसामान आवश्यक पर्ने समय खुलाउनु पर्ने सो नियमको

उपनियम (२) मा उल्लेख छ।स्थलगत अवलोकन गर्दा अमर ज्योति माध्यमिक विद्यालयले गत विगत आर्थिक वर्षमा कम्प्युटर प्रयोगशाला, आइ सी टी ल्याब तथा विज्ञान प्रयोगशालाका लागि पालिकाबाट अनुदान प्राप्त गरेकोमा उक्त सबै सामाग्रीहरु एउटै कोठामा राखी प्रयोग गर्न असहज अवस्थामा रहेको पाइयो।विद्यालयले प्रयोगशालाका लागि बनेको नयाँ भवन हाल रहेको भवनभन्दा निकै पर रहेको र प्रयोगशालाका लागि मात्र विद्यार्थीलाई टाढा लैजान असहज हुने भएकाले त्यसो गरेको जनाएको छ।यसरी तोकिएको प्रयोजनमा प्रयोग नहुने गरी मालसामान खरिद गर्ने कार्य अनियमित देखिएकोले यस सम्बन्धमा तालुक निकायले नियमित अनुगमन गरी आवश्यक कारबाही गर्नुपर्दछ।

८५ **अधुरो योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।योजना सम्पन्न गर्न लाग्ने अवधि समायवधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात योजना सञ्चालन गरिनुपर्दछ। यस कार्यालयवाट विज्ञान मा. वि. मा चमेना गृह निर्माणका लागि चालु आ. व. मा रु.२००००००।०० बजेट विनियोजन भई गौ. भौ. नं. १६४।०८१।३।१७ बाट रु.१९१९७०।०० खर्च भएकोमा लेखापरीक्षणको क्रममा फिल्ड अनुगमन जाँदा उक्त योजना विद्यालयको छतमाथि निर्माण भएको र जस्ताको ट्रूष्ट र आधा वालमात्र निर्माण भइ अलपत्र अवस्थामा रहेको पाइयो।यस सम्वन्धमा वुझ्दा वजेट अभावका कारण सम्पन्न गर्न नसकिएको भन्ने जवाफ आयो भने उक्त योजनाको लागि विगतमा कति वजेट विनियोजन भइ कति खर्च भयो र आ व ०८१।०८२ मा वजेट भए नभएको सम्वन्धमा जानकारी प्राप्त भएन। योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्थामा समेत रहेका छन्।तसर्थ योजना संचालन गर्दा संचालित योजना तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुनेगरि कार्यक्रम संचालन गर्न योजना सम्पन्न गर्ने अवधि, कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण गरी बजेट विनियोजन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **क) मूल्य अभिवृद्धि कर दाखिलाः** पालिकाले आफ्नो अधिकार क्षेत्र भएको, IEE गरेका र घाटगद्धी तोकिएका नदी, खोलाहरुमा ढुंगा,गिट्टी, बालुवा, माटो लगायत कर लाग्ने वस्तुहरुको कर संकलन गर्नको निम्ति मिति २०८०।०३।३१ मा प्रथम पटक सूचना प्रकाशन गरेकोमा दुईपटक सम्म ठेक्का प्रकियामा जाँदा ठेक्का नलागेको भनी मिति २०८०।८।१७ को गाउँ कार्यपालिकाको निर्णयले अमानतबाट उठाउने निर्णय गरी अमानतबाट कर्मचारी / व्यक्ति खटाई नगदी रसिदका आधारमा निकासी कर संकलन गर्ने गरेको पाइयो । यस वर्ष निकासी कर रु.२८७३०२०।०० संकलन भएकोमा २ जना संकलनकर्तालाई संकलन कार्यको रु.६२५३०७।०० पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । पालिकाले विज्ञापन कर तथा अमानतबाट संकलित रकम रु.२९९९४७१।०० मध्ये रकम रु.११९१७७०।०० प्रदेश पठाई बाँकी रकम स्थानीय संचित कोषमा दाखिला गरेकोमा आयमा लाग्ने मू. अ. कर बापत दाखिला गर्नुपर्ने रकम रु.३४५०७१।०० प्रारम्भिक प्रतिवेदन पश्चात ०८१।७।२९ मा दाखिला गरेको प्रमाण पेश गरेको छ । अतः पालिकाले कर दायित्व समयमा नै दाखिला गर्नु गराउनुपर्दछ ।<br><br>**ख) अनुगमनः** ढुङ्गा,गिट्टी मापदण्ड, २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रकियाको अनुगमन सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको क्षेत्र भित्र नदीजन्य पदार्थ ( ढुंङ्गा,गिट्टी र बालुवा) को उत्खनन, संकलन तथा निकासी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरेको रिपोर्ट पेश गरे पनि प्रतिवेदनका सुझावलाई कार्यान्वयन गरेको पाइएन । पालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम निर्धारण भएको १०२६१.०९ घ.फि. नदीजन्य पदार्थ संकलनका लागि कर्मचारी परिचालन गरीएकोमा उक्त परिमाणमध्ये असार मसान्तसम्म के कति निकासी भयो भन्ने व्यवस्थित अभिलेख राखेको पाइएन ।पालिकामा अमानतबाट संकलित करको दैनिक रुपमा चेकजाँच गर्ने तथा आन्तरिक नियन्त्रण गर्ने कुनै संयन्त्र खडा गरेको देखिएन। चेक लिष्ट तयार गरी नियमित अनुगमन तथा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्दछ । | 0.00 |
| २ | निर्माण व्यवसायिको विल<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायि वा सब कन्ट्रक्याक्टरवाट गराउन सकिने छैन । पालिका तथा वडाले विभिन्न सडक तथा पहिरो सरसफाई कार्य गर्न उपभोक्ता समितिलाई दिएकोमा निर्माण व्यवसायिको एकमुष्ट विल राखि भुक्तानी दिएको रकम नियम संगत देखिएन । केहि उदाहरण देहाय बमोजिम छन: | 0.00 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| गोभौनं./ मिति | काम | उपभोक्ता समितिको नाम | विल पेश गरेको निर्माण व्यवसायिको नाम | भुक्तानी रकम | कन्स्टक्सनको विल रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १२। ०८०। १०।५ | तादि ६ भित्रको मोटर वाटो सरसफाइ | तादी ६ भित्रको मोटर वाटो सरसफाइ उ स | रोहना कन्स्ट्रकस्न | १९२०००। ०० | २११३१०।० | सडक सरसफाइका लागि जेसिभि व्याकलोडर प्रयोग गरेको |
| ३१। ०८०। ११। २१ | ताद१ मोटर वाटो माला भन्ज्याङ्ग आहाल डाँडा फर्मसम्म मोटर वाटो सरसफाइ१ | तादी१मोटर वाटो माला भन्ज्याङ्ग आहाल डाँडा फर्मसम्म मोटर वाटो सरसफाइ उ स | रोज कन्स्ट्रकस्न | ६५५१७०। ०० | ६०५६८१। | स्क्याभेटर ठुलो मेसीन |
| ५१। ०८०। १२। १९ | साविक उर्लेनी वेसी र देउता खर्क जोड्ने नयाँ ट्रयाक निर्माण | साविक उर्लेनी वेसी र देउता खर्क जोड्ने नयाँ ट्रयाक निर्माण उ स | कुमारी माई निर्माण सेवा | ६७२०००। ०० | ६५०३७०। ०० | स्क्याभेटर लगाएको |
| १७८। ०८१। ३।२३ | बाघखोर गैरी खर्क मोटरवाटो नयाँ ट्रयाक | बाघखोर गैरी खर्क मोटरवाटो नयाँ ट्रयाक नि उ स | दो वि वि निर्माण सेवा | ८३८१६५। ०० | ८३२९०८। ०० | स्क्याभेटर लगाएको |

यसरी उपभोक्ता समितिसँग सम्झौता गरेको काम विना प्रतिस्पर्धा निर्माण व्यवसायीबाट हुने र भुक्तानी हुने अवस्थाले घुमाउरो तरिकाले विना प्रतिस्पर्धा निर्माण व्यवसायीले भुक्तानी प्राप्त गर्ने देखिन्छ।यस्तो अवस्थाले उपभोक्ताको योगदानको मर्म विपरीत कार्य हुने तथा प्रतिस्पर्धा संकुचित हुने हुनाले यस्तो प्रवृत्तिमा सुधार हुनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तादीगाउँ गाउँपालिका, नुवाकोट , तादी गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Khemraj Chhinal | २०७९-१२-१४ | २०८०-११-८ |
| कार्यालय प्रमुख | राम चन्द्र कार्की | २०८०-११-१३ | २०८०-१२-१३ |
| कार्यालय प्रमुख | नन्दलाल शर्मा | २०८०-१२-१४ | २०८१-८-१२ |
| कार्यालय प्रमुख | Druba Khanal | २०८१-९-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन प्रसाद अधिकारी | २०७९-११-१ | २०८०-५-१७ |
| लेखा प्रमुख | सेवक विक्रम राई | २०८०-५-१८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४८५,७९५ | ५,९८०,१५०.६८ | २,७४५,५४४.५ | ० | ० | ६४०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,८५१,४९०.१८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ४,९८८,७८६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,८६२,७०४.१८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३९८५५७४१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५७७३७११२ | चालु खर्च | ३०१७११५८६ |
| प्रदेश सरकारबाट अनुदान | ५७१३०६९७ | पूँजीगत खर्च | १०७५५०२५९ |
| राजश्व बाँडफाँट | ७५५०६४०५ | वित्तीय/अन्य व्यवस्था | ११६१४२५१२ |
| आन्तरिक आय | ४२१२९९०.० | | |
| अन्य आय | ११९०५२९०५ | | |
| कुल आय | ५१३६४०१०९ | कुल खर्च | ५२५४०४३५७ |
| बाँकी मौज्दात | | २८०९१४९३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।